पूर्णाङ्क १४ त्रैमासिक
२०७५ माघ-चैत

# प्राज्ञिक संसार

Academia
Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np

# प्रज्ञा-प्रतिष्ठानमा पदाधिकारी नियुक्त




- नाटक लेखन कार्यशाला
- बहुभाषिक सङ्गीत उत्सव
- बहुजातीय बहुभाषिक नृत्य प्रदर्शन
- बहुभाषिक लोकगीत उत्सव
- स्रष्टाबारे लघु श्रव्यदृष्य सामग्री निर्माण

# सम्पादकीय

वि.सं. २०७५ पौष १६ गते सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको नयाँ प्राज्ञपरिषद् पदाधिकारी नियुक्त गरी कार्यभार सुम्पिए पश्चात्को पहिलो प्रकाशन ' प्राज्ञिक संसार' हाम्रा प्रिय पाठकसमक्ष राख्न पाउँदा हामी हर्षित छौं ।

प्राज्ञपरिषद्को सपथग्रहणपछि सङ्गीत तथा नाट्य क्षेत्रमा लागेका विज्ञ व्यक्तित्व, संस्कृतिकर्मी, कलाकर्मी तथा शुभचिन्तकले खुलेरै स्वागत गरे । नयाँ ढङ्गले सिर्जनात्मक कामको थालनी गरी सङ्गीत तथा नाट्यक्षेत्रलाई अझै गतिशील बनाउने जोशजाँगर थपिँदै थियो, एकाध महत्त्वाकाङ्क्षा बोकेका केही व्यक्तिबाट बाधाव्यवधान सिर्जना गर्ने काम भयो । शुरूबाट नै मुद्दामामिलाको कारण कामलाई तीब्र गतिमा सञ्चालन गर्न सकिएन । करिब अढाइ महिना बीचमा अन्योलता छाए तापनि विविध अड्चनलाई चिर्दै प्राज्ञपरिषद्ले यतिखेर आफ्ना उद्देश्य अनुरूपका कामलाई अगाडि बढाउन सफल भएको छ ।

सपथ ग्रहणको औपचारिक कार्यक्रम सम्पन्न भएलगत्तै प्राज्ञपरिषद्ले सङ्गीत, नाटक, रङ्गमञ्च, नृत्यसँगै सम्बन्धित थुप्रै स्रष्टा तथा कलाकारसँग छलफल र भेटघाटको काम अगाडि बढायो । त्यसको लगत्तै नाट्य विभागद्वारा नाट्य लेखन प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । त्यस्तै इटहरीमा बहुभाषिक सङ्गीत उत्सव, विचारगोष्ठी सम्पन्न भयो । यसै गरी निजजढ बारामा बहुभाषिक नृत्य र चितवन, रत्ननगरमा बहुभाषिक लोकगीत महोत्सव सम्पन्न भयो । त्यस्तै इटहरीमा स्टाफ नोटेसन प्रशिक्षण र सर्वनाम थिएटर, काठमाडौंमा लोकनाटक प्रदर्शन सम्पन्न भएको छ । यस बीचमा सङ्गीत तथा नाट्य क्षेत्रमा लामो समयसम्म काम गरेका अग्रज स्रष्टा, कलाकार र समाजसेवीका विषय सम्बन्धित अनुभव र महत्त्वपूर्ण विचारसहितको अन्तर्वार्ता प्रतिष्ठानको वेभसाइटमार्फत् सार्वजनिक गर्न लागिएको छ ।

यस प्रज्ञा-प्रतिष्ठानले सम्पन्न गरेका विभिन्न उत्सव र कार्यक्रममा विभिन्न भाषाभाषी, जनजाति समुदाय, विद्वत वर्ग, स्रष्टा, कलाकार र समाजसेवीको उत्साहजनक सहभागिताबाट यस्ता कार्यक्रमले विभिन्न स्थानमा विकसित सङ्गीत, नाट्य र नृत्यको संरक्षणमा सबैलाई प्रेरित गरेको र यो क्षेत्रको विकासको लागि हौसला पनि प्रदान गरेको प्रष्ट हुन्छ ।

यो छोटै अवधिमा पनि अफ्ठ्यारो परिस्थितिको सामना गर्दै सफलतापूर्वक सम्पन्न गरिएका कामहरूले निश्चित रूपमा हामी सबैलाई आगामी दिनमा अगाडि बढ्न थप उत्साह प्राप्त भएको छ । यी अनुभवलाई समेट्दै आगामी कार्यक्रमहरूलाई योजनावद्ध ढङ्गले सञ्चालन गरी, आ.व. ०७६/०७७ मा पनि यस प्रतिष्ठानद्वारा आयोजित नाटक, गीतसङ्गीत, नृत्य आदि क्षेत्रको उत्सव, महोत्सव, खोजअनुसन्धान, गोष्ठी, स्रष्टा अभिलेखले यस क्षेत्रको विकासमा थप योगदान गर्ने विश्वास राखिएको छ ।

# विषय-सूची


| | |
|---|---|
| प्रधानमन्त्रीद्वारा कुलपतिलाई सपथ | ३ |
| नव पदाधिकारीलाई बधाई तथा शुभकामना | ४ |
| एकता दिवस मनाइयो | ५ |
| निवर्तमान पदाधिकारीलाई बिदाइ | ६ |
| मन्त्री अधिकारी श्रद्धाञ्जली | ७ |
| सङ्गीत विभागले श्रष्टासँग सुझाव माग्यो | ८ |
| नाटक लेखन कार्यशाला सम्पन्न | ९ |
| प्रज्ञा-प्रतिष्ठान १० औं वर्षमा प्रवेश | ११ |
| बहुभाषिक सङ्गीत विचार गोष्ठी एवं उत्सव | १२ |
| बहुजातीय बहुभाषिक नृत्य प्रदर्शन | १५ |
| बहुभाषिक लोकगीत उत्सव | १९ |
| प्राज्ञिक गतिविधि | २२ |
| स्रष्टाबारे लघु श्रव्यदृष्य सामग्री निर्माण | २४ |
| प्रादेशिक अनुसन्धान ग्रन्थ प्रकाशित | २७ |

# प्रधानमन्त्रीद्वारा कुलपतिलाई सपथ

## उपकुलपतिमा शर्मा र सदस्यसचिवमा तमोट नियुक्त



काठमाडौँ । २०७५ पुष १६ गते सोमबार सम्माननीय प्रधानमन्त्री तथा नेपाल सङ्गीत तथा नाट्य-प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक केपी शर्मा ओलीले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपतिको सपथ गराउनु भयो । सिंहदरबारमा आयोजित कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपतिमा नारायणभक्त श्रेष्ठ (रायन)लाई आगामी ४ वर्ष कार्यकालका लागि सपथ गराउनु भएको हो ।

प्रधानमन्त्री ओलीले आफ्नो क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिलाई नियुक्त गरिएकोले संस्थाप्रति थप सृजनशील हुनुपर्ने बताउनुभयो । समयका पदचापलाई बुझ्ने र त्यसै अनुसार काम गर्ने अपेक्षा गरिएको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "आज हामी जहाँ पुगेका छौं त्यहीं रोकिने होइन । समयको पदचाप बुझेर संस्थालाई त्यसै अनुसार अघि बढाउनुहुनेछ भन्ने अपेक्षा गरिएको छ।" नेपालीहरूको गौरवमय इतिहासलाई कायम राख्दै अघिल्लो पुस्ताका कलाकर्मीले देखाएको बाटोलाई फराकिलो बनाउने काम गर्नुपर्ने उहाँको जोड थियो ।

सोही दिन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रज्ञा-प्रतिष्ठानको उपकुलपतिमा हरिहर शर्मा र सदस्यसचिबमा श्यामप्रकाश तमोटलाई सपथ ग्रहण गराउनुभयो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका संरक्षक माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी र मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटाको पनि समुपस्थिति रहेको थियो ।

# प्राज्ञपरिषद् सदस्यहरूद्वारा सपथ ग्रहण



२०७५ पुष २२ गते आइतबारका दिन प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्यहरूलाई कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले सपथग्रहण गराउनु भयो । प्रज्ञा-प्रतिष्ठानका संरक्षक माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीको समुपस्थितिमा संस्कृति मन्त्रालयमा आयोजित सपथग्रहण कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू अशोक राई, धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि), नमूना शर्मा देवकोटा, निशा शर्मा पोखरेल, मेघराज शर्मा (मञ्जुल) र हरिदेवी कोइरालाले सपथ लिनुभएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अधिकारीले नवनियुक्त प्राज्ञपरिषद् सदस्यहरूलाई शुभकामना दिनुहुँदै नेपालको सङ्गीत तथा नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि प्रज्ञा-प्रतिष्ठानको नीतिअनुरूप सिर्जनात्मक ढङ्गले अगाडि बढ्नका लागि निर्देशनसमेत दिनुभएको थियो । कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटा र उपसचिव भरतमणि सुवेदीको पनि उपस्थिति रहेको थियो ।




# कर्मचारी सङ्घद्वारा नव नियुक्त पदाधिकारीलाई बधाई तथा शुभकामना

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त पदाधिकारीलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घले स्वागत गरेको छ । नेपाल सरकारबाट ०७५ पौष १६ गते नियुक्ति पाएको नयाँ पदाधिकारीलाई पौष २३ गते सङ्घले स्वागत तथा शुभकामना कार्यक्रम राखेको थियो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले कर्मचारीतन्त्र र व्यवस्थापन पक्ष एउटै शरिरका दुई अङ्गजस्ता भएकाले एकको सहयोगबिना अर्को चल्न नसक्ने बताउनुभयो । कुलपति श्रेष्ठले दुई पक्षबीच आपसी सहकार्यका साथ प्रज्ञा-प्रतिष्ठानको लक्ष्य तथा उद्देश्यलाई पूरा गर्न कटिबद्ध हुन निर्देशनसमेत दिनुभयो ।

नवनियुक्त उपकुलपति हरिहर शर्माले प्रज्ञा-प्रतिष्ठानका लागि सरकारले जिम्मा दिएको चार वर्षे कार्यकाललाई सफलीभूत पार्न कर्मचारीतन्त्रको क्षमता, सृजनशीलता र लगनशीलता अपेक्षाकृत हुनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी नवनियुक्त सदस्यसचिव श्यामप्रकाश तमोटले आफू शिक्षक पृष्ठभूमिबाट आएको चर्चा गर्दै कर्मचारी तन्त्र सदैव पेशागत मर्यदामा रही सार्वजनिक सेवा प्रवाहमा चुस्तदुरूस्त रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नवनियुक्त प्राज्ञपरिषद् सदस्य नमूना शर्माले नयाँ जोश र जाँगरका साथ प्रज्ञा-प्रतिष्ठानलाई अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा नवनियुक्त प्राज्ञपरिषद् सदस्यहरू अशोक राई, हरिदेवी कोइराला, निशा शर्मा पोखरेल र धिरेन्द्र प्रेमर्षिको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा कर्मचारी सङ्घका सल्लाहकार तथा प्रज्ञा-प्रतिष्ठानका सूचना अधिकृत ध्रुव वाग्लेले स्वागत गर्नु भएको थियो । कार्यक्रम सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलको सभापतित्वमा सम्पन्न भएको थियो । सङ्घका सचिव जगदीश सापकोटाले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।




## एकता दिवस मनाइयो

# 'नेपाली राष्ट्रियता र पृथ्वीनारायण शाह' विषयक प्रवचन कार्यक्रम

काठमाडौं । २९७औ पृथ्वी जयन्ती एवं एकता दिवस पौष २७ को उपलक्ष्यमा नेपाल प्रज्ञा-प्रतिष्ठानमा 'नेपाली राष्ट्रियता र पृथ्वीनारायण शाह' विषयक प्रवचन कार्यक्रम ओयाजना गरियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्राज्ञ-प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थानद्वारा आयोजित कार्यक्रममा सम्माननीय प्रधानमन्त्री तथा प्रज्ञा-प्रतिष्ठानहरूका प्रमुख संरक्षक केपी शर्मा ओलीले विशेष प्रवचन दिनु भयो ।

उक्त कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले नेपाली राष्ट्रियता स्वतन्त्र र स्वाधीन राष्ट्रियता भएको बताउनु भयो । इतिहासमा विश्वका १९३ राष्ट्रमध्ये थोरै राष्ट्र मात्र स्वाधीन रहेकोमा नेपाल देश पनि परेको स्मरण गर्दै उहाँले भन्नुभयो, " उत्तरमा चीन र दक्षिणमा भारत उपनिवेश हुँदा पनि नेपाल स्वाधीन रहन सफल भएकाले यसको धेरै अर्थ रहेको छ । "

प्रधानमन्त्री ओलीले पृथ्वीनारायण शाह नेपाल एकीकरणका नेतृत्वकर्ता रहेको र केही समयपहिलेसम्म कोही तल्लो कोही माथिल्लो, कोही विष्णुका अवतार, कोही सूर्यवंशी, कोही चन्द्रवंशी, कोही कीरा फट्याङ्ग्राजस्ता असमान व्यवहार भए पनि अहिले त्यस्तो नरहेको बताउनु भयो । सांस्कृतिक रूपमा भिन्न धारणा, भिन्न मत भए पनि त्यस विविधतालाई सम्पत्ति मान्नु पर्ने दाबी गर्दै नेपाली राष्ट्रियता एकअर्काको पक्षमा उभिने, न्यायका पक्षमा उभिने भएको चर्चा गर्नु भयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा प्रज्ञा-प्रतिष्ठानका संरक्षक रवीन्द्र अधिकारीले लामो समयदेखि पृथ्वी नारायण शाहलाई हेर्ने दृष्टिकोणमा बहस हुँदै आएकाले शाहको बस्तुनिष्ठ मूल्याङ्कन गरिनु नै सान्दार्भिक हुनेमा जोड दिनुभयो । शाहको दिव्योपदेश आज पनि उत्तिकै सान्दार्भिक रहेकोले राष्ट्र निर्माणमा उनको योगदानको सही मूल्याङ्कन हुनु पर्ने मन्त्री अधिकारीको जोड थियो ।

प्रवचन कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य (के.के.कर्माचार्य) नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गङ्गाप्रसाद उप्रेती, नेपभल प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति वैरागी काइँला, पूर्व उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठी लगायत प्रवुद्ध वर्गको उपस्थिति रहेको थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गङ्गाप्रसाद उप्रेतीले विगत् ६ वर्षदेखि प्रज्ञा-प्रतिष्ठानले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती र एवम् राष्ट्रिय एकता दिवस मनाइरहेको उल्लेख गर्दै वर्षमा एक दिन पुष २७ लाई सरकारले राष्ट्रिय एकता दिवसको मान्यता दिनुपर्ने माग पनि राख्नु भयो ।

भोलिपल्ट पुष २९ गतेका दिन विहान १० बजेदेखि प्रज्ञापरिसरबाट शोभायात्रा आरम्भ भई घण्टाघर, रत्नपार्क, भद्रकाली हुँदै सिंहदरबारको पश्चिम गेट छेउमा अवस्थित पृथ्वीनारायण शाहको प्रतीमामा माल्यार्पण कार्यक्रम आयोजना गरियो । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त अवसरमा सिंहदरबारमा आई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको प्रतिमामा माल्यार्पण गर्नुभएको थियो । उपप्रधान तथा रक्षामन्त्री माननीय ईश्वर पोखरेलले आरम्भ गर्नुभएको शोभायात्रामा बग्गीसहित नेपाली सेना र सशस्त्र प्रहरीको व्याण्डले सहयोग गरेको थियो ।



# प्राज्ञसभा सदस्यहरूलाई सपथ


प्राज्ञसभा सदस्य
अवधेश पोखरेल


प्राज्ञसभा सदस्य
चाँदनी मल्ल


प्राज्ञसभा सदस्य
प्रजापति पराजुली


प्राज्ञसभा सदस्य
सत्यकला राई


प्राज्ञ सभासदस्य
हरिबहादुर थापा

नेपाल सरकारद्वारा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा मनोनित १५ जना सदस्यमध्ये २०७५ माघ १० गते पाँच जना प्राज्ञ सभासदस्यलाई सपथ ग्रहण गराइयो । प्रज्ञा-प्रतिष्ठानको कार्यालय बालुवाटार, भाटभटेनीमा कुलपति नारायण भक्त श्रेष्ठ (रायन)ले प्राज्ञ सभासदस्यमा हरिबहादुर थापा, चाँदनी मल्ल, प्रजापति पराजुली, सत्यकला राई र अवधेश पोखरेललाई सपथ ग्रहण गराउनु भएको थियो । कार्यक्रममा उपकुलपति हरिहर शर्मा र सदस्य सचिव श्यामप्रकाश तमोटको पनि समुस्पथिति रहेको थियो । सपथ ग्रहणपछि उहाँहरूलाई प्रतिष्ठानमा प्राज्ञपरिषद् सदस्यहरूले स्वागत गर्नु भएपश्चात परिचयात्मक कार्यक्रम समेत गरियो । आफ्नो व्यस्तता वा समयको प्रतिकूलताले गर्दा कार्यक्रममा अनुपस्थित रहनु भएका बाँकी १० जना सभा सदस्यहरूलाई पनि क्रमश सपथ ग्रहण गराइनेछ ।



# निवर्तमान पदाधिकारीलाई बिदाइ

काठमाडौँ । सरकारबाट नियुक्त ४ वर्षको कार्यावधि सफलतापूर्वक पूरा गरेको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको निवर्तमान पदाधिकारी बिदाइ भएको छ । प्रज्ञा-प्रतिष्ठानसम्बद्ध कर्मचारी सङ्घले ०७५ साल भाद्र १९ गते प्रज्ञा-प्रतिष्ठानको कार्यालय बालुवाटारमा निवर्तमान पदाधिकारीको बिदाइमा एक कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा निवर्तमान कुलपति श्री भक्त श्रेष्ठ (सरूभक्त)ले आफ्नो चार वर्ष कार्यकाल एकदमै सौहार्दपूर्ण वातावरणमा पूरा भएको बताउनुभयो । वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको सापेक्षतावादी सिद्धान्तको सापटी लिँदै उहाँले बताउनुभयो, "मन परेको मान्छेसँग चार वर्ष बितेको पनि चार मिनेटजस्तो मात्र हुँदो रहेछ ।"

कुलपति श्रेष्ठले आफ्नो कार्यकालमा केही महत्त्वपूर्ण कार्य पूरा भएको र केही कार्यको थालनी भएकोले त्यसलाई आउने नयाँ पदाधिकारीले पूरा गर्ने विश्वास पनि प्रकट गर्नुभयो ।

त्यसैगरी निवर्तमान उपकुलपति शम्भूजीत बासकोटाले प्रज्ञा-प्रतिष्ठानको संस्थागत निरन्तरताका लागि आफ्नो कार्यकालमा कर्मचारी स्थायी नियुक्ति लगायतका महत्त्वपूर्ण कार्य भएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू माधव प्रधान, उदय श्रेष्ठ र उन्नति बोहरा 'शीला' ले कर्मचारीसँग सुमधुर समन्वयका बीच आफ्नो ४ वर्ष कार्यकाल अविष्मरणीय रहेको बताउनुभयो । कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले संस्थाको उन्नयनमा कर्मचारी र पदाधिकारीबीच एकै परिवारजस्तो अनुभूति मिलेको बताउनुभयो । सङ्घका सदस्य सार्थक महराले सञ्चालन गरेको बिदाइ समारोहमा पदाधिकारीसँगै प्राज्ञसभा सदस्यहरूको पनि उपस्थिति रहेको थियो ।

निवर्तमान पदाधिकारीमा कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भूजीत बासकोटा, सदस्यसचिव गणेश रसिक, प्राज्ञपरिषद् सदस्यहरू रमेशरञ्जन झा, माधव प्रधान, उन्नती बोहरा 'शीला', पवित्रा घर्तीमगर, उदय श्रेष्ठ र पुष्करबहादुर गुरूङ हुनुहुन्थ्यो । त्यस्तै प्राज्ञसभामा खेम नेपाली, सानु शिवा, अशोक राई, कृष्णसुधा ढुङ्गाना, पूर्ण नेपाली, नारायणदेवी प्रधान, बज्रकिशोर सहनी, आशाकाजी श्रेष्ठ, कृष्णभक्त महर्जन, प्रकाश घिमिरे, दूर्गाबहादुर रायमाझी, भोजराज भट्ट, कोमल निरौला, रामकुमार धामी र नरेन्द्रराज रेग्मी रहनु भएको थियो । सरकारबाट नियुक्त उहाँहरूको कार्यकाल ०७५ भाद्र २० गते पूरा भएको थियो ।

# "मन्त्री अधिकारी आफैं बाटो बनाएर हिंड्ने नेता"

*- कुलपति नारायनभक्त श्रेष्ठ (रायन)*




दिवङ्गत माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी अरूको बाटोमा हिंड्नेभन्दा आफैं बाटो बनाएर हिंड्ने नेता भएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले बताउनु भएको छ ।

२०७५ चैत १२ गते नेपाल प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको मन्त्रीको श्रद्धाञ्जलीसभामा कुलपति (रायन)ले उक्त कुरा बताउनु भएको हो । मन्त्री अधिकारीको २०७५ फागुन १५ गते ताप्लेजुङको पाथीभरा मन्दिरनजिकै तारेभीरमा भएको हेलिकप्टर दुर्घटनामा असामयिक निधन भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानका संरक्षकसमेत रहेका मन्त्रीको स्मरणर गर्दै कुलपति रायनले सधैं उत्प्रेरणा दिएर प्रेरित गर्ने असल संरक्षक मन्त्री अधिकारी काम गरेर देखाउनुपर्छ भनेर सधैं चिन्ता गरिरहने व्यक्ति भएको स्मरण गर्दै शोकलाई शक्तिमा बदलेर अगाडि बढ्न परिवारका सदस्यहरूलाई आग्रह गर्नुभयो ।

मन्त्री अधिकारीको स्मृतिमा 'रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठान' स्थापना गर्न प्रा.डा. भरतप्रसाद पहारीको संयोजकत्वमा नौ सदस्यीय तयारी समिति गठन गरिएको पत्नी विद्या भट्टराईले जानकारी दिनुभयो ।

श्रद्धाञ्जली कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानलाई सफल बनाउन र उहाँको कृतिलाई संस्थागत गरी अमरत्व प्रदान गर्न नेपाल प्रज्ञा-प्रतिष्ठानले हरतरहबाट सहयोग गर्ने बताउनुभयो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यले पर्यटन र संस्कृतिको फाँटमा नयाँ योजना र उत्साहका साथ अगाडि बढ्दै गर्दा उहाँको निधनले स्तब्ध बनाएको भन्दै राष्ट्रकै सच्चा विकासप्रेमी नेता गुमाएको उल्लेख गर्नुभयो ।

अधिकारीका 'समृद्ध नेपाल' र 'लोकतन्त्र, संविधानसभा र राज्य पुनःसंरचना' गरी दुईवटा पुस्तक प्रकाशित छन् । उहाँ प्रतिलिपि अधिकार संरक्षणको कानूनका सूत्रधार हुनुहुन्थ्यो । कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव प्रा. जगतप्रसाद उपाध्यायले शोक प्रस्ताव पढेर सुनाउनु भएको थियो । उहाँले भाषा, साहित्य, कला, संस्कृति र दर्शनका कुशल संरक्षक प्रतिष्ठानले गुमाएको बताउनुभयो ।

# सङ्गीत विभागले श्रष्टासँग सुझाव माग्यो

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले श्रष्टासम्वद्ध विभिन्न सङ्घसंस्थासँग आगामी वर्षको बजेट निर्माणका लागि रायसुझाव माग गऱ्यो । यसको लागि २०७५ साल चैत २७ गते बुधबारका दिन प्रज्ञा-प्रतिष्ठान कार्यालय, बालुवाटार, भाटभटेनीमा आयोजना गरिएको भेटघाट कार्यक्रममा सङ्गीतसम्वद्ध झन्डै आधा दर्जन सङ्घसंस्थाका प्रतिनिधि र सङ्गीतकर्मीले आफ्ना राय तथा सुझाव प्रस्तुत गरेका थिए ।



प्रज्ञा-प्रतिष्ठानले पहिलोपल्ट सुझाव मागेकोमा खुशी र केही गुनासामिश्रित भावमा स्रष्टाहरूले आफूलाई लागेका कुरा खुलेरै प्रस्तुत गरेका थिए ।

गीतकार सङ्घ नेपालका अध्यक्ष चुडामणि देवकोटा, सङ्गीतकार मिलन मोक्तान, सङ्गतिकार सङ्घ नेपाल महासचिव पारस मुकारूङ, प्रस्तोता समाजका अध्यक्ष तुलसी पराजुली, रोयल्टी समाजका अध्यक्ष महेश खड्का, बरिष्ठ सङ्गीतज्ञ बुलु मुकारूङ र साहित्यकार हेमन्त विवशले प्रज्ञा-प्रतिष्ठानले नेपाली सङ्गीतको संरक्षण, संवर्द्धन र विकासका लागि खोजअनुसन्धान र अभिलेखीकरणमा विशेष जोड दिनुपर्ने सुझाव दिनुभयो । यसका लागि प्रज्ञा-प्रतिष्ठानले दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा गर्नुपर्ने, गीत सेन्सर बोर्ड बनाइनुपर्ने, सङ्गीत नीति निर्माण हुनुपर्ने नीतिगत सुझावदेखि प्रज्ञा-प्रतिष्ठानले वितरण गर्ने कलाकार परिचयपत्रलाई व्यवस्थित गरी त्यसमार्फत् राज्यबाट कलाकारले पाउने सेवासुविधाको दायरालाई पनि स्पष्ट पारिनु पर्ने उहाँहरूको सुझाव थियो ।

बरिष्ठ सङ्गीतज्ञ बुलु मुकारूङले कलाकारलाई पनि करको दायरामा ल्याउन आवश्यक भएको चर्चा गर्दै त्यसो गरे राज्यबाट पाउने अधिकार र कलाकारले राज्यप्रति निर्वाह गर्नुपर्ने दायित्वबहनमा सामञ्जश्यता आउने राय व्यक्त गर्नुभयो ।

प्रस्तोता समाजका अध्यक्ष तुलसी पराजुली र गायिका कुन्ती मोक्तानले सङ्गीत पुस्तकालय प्रबन्ध गर्नुपर्ने र गीतको सेन्सर बोर्ड बनाउनुपर्ने कुरामा जोड दिनुभयो भने रोयल्टी समाजका अध्यक्ष महेश खड्काले नेपालको मौलिक अर्केष्ट्रा निर्माणमा प्रज्ञा-प्रतिष्ठानले योजना बनाउन आवश्यक रहेको बताउनुभयो ।

सङ्गीतकार मिलन मोक्तानले नेपाली बाजाको वैज्ञानिकीकरणलाई औंल्याउँदा सङ्घका महासचिव पारस मुकारूङले गन्दर्भ गायन हराउँदै गएकाले संरक्षणमा विशेष योजना आवश्यक रहेको बताउनुभयो । साहित्यकार हेमन्त विवशले सुदूर पश्चिमको देउडा जस्ता लुकेका भाकालाई उत्खनन् गरी मूलधारको सङ्गीतमा ल्याउनुपर्ने सुझाव दिनुभयो ।

बरिष्ठ सङ्गीतकर्मी शम्भु राईले नेपाली गीतसङ्गीतमा भएको विकृतिलाई निराकरण गर्न प्रज्ञा-प्रतिष्ठान अग्रसर हुनु पर्ने बताउनुभयो । सङ्गीतकर्मी भूमिका सुब्बाले गीतसङ्गीतको छुट्टै विश्वविद्यालयको खाँचो रहेको औंल्याउनुभयो ।

बरिष्ठ सङ्गीतकार शीलाबहादुर मोक्तानले कुरा भन्दा पनि काम गरेर अघि बढ्नुपर्ने भन्दै प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त पदाधिकारीहरूलाई शुभकामना दिनुभयो ।

छलफललाई विभागीय प्रमुख प्राज्ञपरिषद् सदस्य अशोककुमार राईले सहजीकरण गर्नु भएको थियो । छलफलमा प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र सदस्यसचिव श्यामप्रकाश तमोटले महत्त्वपूर्ण सुझावहरूलाई आगामी योजना तथा बजेटमा सक्दो समेटेर लैजाने प्रतिबद्धता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नु भएको थियो ।




कार्यशालाको उद्घाटन



> कार्यशालाबाट प्रशिक्षित प्रशिक्षार्थीले नाट्य लेखनमा गर्ने थप कामबारे प्रज्ञा-प्रतिष्ठानले पुनः फलोअप गर्ने
>
> *- प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेल*

# नाटक लेखन कार्यशाला सम्पन्न

## डेढ दर्जन बढी रङ्गकर्मी सहभागी

काठमाडौं । रङ्गमञ्चीय अभ्यास र विकासका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको नाटक लेखन कार्यशाला सम्पन्न भएको छ । कार्यशाला वैशाख ०३ गतेदेखि ०७ गतेसम्म सर्वनाम थिएटर कालिकास्थान काठमाडौंमा सञ्चालन भएको थियो ।

पाँच दिने कार्यशालालाई जतिसक्दो फलदायी बनाउन मुख्य प्रशिक्षकमा वरिष्ठ नाट्यकर्मी अशेष मल्ल, सहायक प्रशिक्षकमा राज शाह र स्रोत व्यक्तिमा प्रचण्ड मल्ल, ध्रुवचन्द्र गौतम, नयनराज पाण्डे र खगेन्द्र लामिछाने रहेका थिए । पहिलो सत्र विहान १० बजेदेखि १ बजेसम्म उल्लेखित श्रोत व्यक्तिले



*कुलपति नारायणभक्त श्रेष्ठ (रायन)*



*बरिष्ठ रङ्कर्मी प्रचण्ड मल्ल प्रशिक्षार्थीलाई आफ्नो अनुभव बाँड्दै*

प्रशिक्षार्थीलाई नाट्यलेखन अनुभवबारे बताएका थिए भने त्यसपछिको सत्रमा मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकबाट नाट्य लेखनसम्बन्धी प्रयोगात्मक प्रशिक्षण दिएका थिए ।

प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेलको संयोजनमा आयोजना गरिएको यस कार्यशालालाई बैशाख-३ गते एक औपचारिक कार्यक्रमका साथ शुरूवात गरिएको थियो । उक्त कार्यक्रममा कुलपति माननीय नारायणभक्त श्रेष्ठ (रायन)ले नेपाली नाटकको अभावमा विदेशी नाटक देखाउनै पर्ने बाध्यतालाई अन्त्य गर्न यस्ता कार्यशालाले टेवामा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्याम तमोट, संयोजक प्राज्ञ निशा शर्मा पोखरेलले पनि कार्यशालाको औचित्यबारे महत्त्वपूर्ण प्रकाश पार्नु भएको थियो ।



*दायाँबाट क्रमशः कार्यशाला संयोजक निशा शर्मा पोखरेल, मुख्य प्रशिक्षक अशेष मल्ल, उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट*



*प्रशिक्षार्थीहरू*

बरिष्ठ रङ्गकर्मी तथा प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति प्रचण्ड मल्लले रङ्गमञ्च र नाटक एकअर्कामा परिपुरक भएकाले नाटक लेखनको अपरिहार्यता रहेको दर्शाउनुभयो । प्रज्ञा-प्रतिष्ठानका कार्यशालामा अन्तिम दिन प्रशिक्षार्थीहरूले तयार पारेको नाटकलाई दुई-दुई मिनेट वाचनसमेत गरिएको थियो । प्रशिक्षार्थीहरूलाई प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले नाट्य लेखनमा



# प्रज्ञा-प्रतिष्ठान १० औँ वर्षमा प्रवेश




काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नवौँ वर्ष पूरा गरी १० औँ वर्षमा प्रवेश गरेको छ । यस सुखद उपलक्ष्यमा प्रज्ञा-प्रतिष्ठानले आफ्नै कार्यालय परिसरमा एक औपचारिक कार्यक्रमसमेत आयोजना गरेको छ ।

कार्यक्रम प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) को सभापतित्वमा यही बैशाख १० गते सम्पन्न भएको थियो । कुलपति श्रेष्ठले सम्पूर्ण प्रज्ञा-प्रतिष्ठान परिवारलाई सुभकामना तथा बधाई दिँदै नेपालको सङ्गीत तथा नाट्यको संरक्षण, संवर्द्धन र सर्वाङ्गिण विकासमा प्रज्ञा-प्रतिष्ठान अविछिन्न रूपमा अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी उपकुलपति हरिहर शर्माले प्रज्ञा-प्रतिष्ठानको भौतिक पूर्वाधार स्थापना गर्न व्यवस्थापन पक्ष कटिबद्ध रहेको चर्चा गर्दै कर्मचारी वर्गको क्षमता, इमानदारिता, लगशीलता, सृजनशीलता र नम्रतामा प्रतिष्ठानको दैनिक कार्यसञ्चालन प्रतिबिम्बित हुनुपर्ने बताउनुभयो ।

सदस्यसचिव श्यामप्रकाश तमोटले विभिन्न बाधाव्यवधानका बीच पनि नेपालको सङ्गीत, नाट्य र नृत्य क्षेत्रको समग्र विकासमा एक स्वायत्त र अविच्छिन्न संस्थाको रूपमा प्रज्ञा-प्रतिष्ठानले निरन्तरता पाउने बताउनुभयो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानसम्बद्ध कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले सरकारले सबै प्रज्ञा-प्रतिष्ठानलाई हेर्ने दृष्टि समान हुनुपर्ने बताउनुभयो । उक्त कार्यक्रम कर्मचारी सङ्घका सदस्य सार्थक भुजेलले सञ्चालन गर्नु भएको थियो ।

निरन्रता दिने आग्रहका साथ प्रतिष्ठानका तर्फबाट प्रमाणपत्रसमेत प्रदान गनुभयो । कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, वरिष्ठ नाट्यकर्मी प्रचण्ड मल्ल र अशेष मल्ल लगायतको उपस्थिति रहेको थियो । प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेलले कार्यशालाबाट प्रशिक्षित प्रशिक्षार्थीले नाट्य लेखनमा गर्ने थप कामबारे प्रज्ञा-प्रतिष्ठानले पुनः फलोअप गर्ने पनि बताउनुभयो ।

कार्यशालामा काठमाडौँमा रहेका १० रङ्गकर्मी र राजधानीबाहिर प्रदेश नं. १ अन्तर्गत् पर्ने सुनसरी, खोटाङ, भोजपुर र मोरङ जिल्लाबाट ५ सहित २१ रङ्गकर्मीले सहभागिता जनाएका थिए । सहभागी रङ्गकर्मीमा प्रायदिप राई, इनुमा राई, शीतल थोकर, अशोक गौतम, सुगम दुलाल, दिपक श्रेष्ठ, रामभजन कामत, अनिस बन्जारा, गोवर्द्धनकुमार मेहेता, मुक्तिप्रसाद भण्डारी, सन्तोष स्पन्दन, कृष्ण खड्का, नविनचन्द्र अर्याल, मुकेश हमाल, धिरज राई, जीवनजङ्ग थापा, पास्लाक्पा शेर्पा, राजु कट्टेल, ईश्वरकुमार मैनाली, हिरा हमाल र आरूषजङ्ग सरूलगायत रहेका थिए ।

# इटहरीमा प्रदेश नं. १ स्तरीय
# बहुभाषिक सङ्गीत विचार गोष्ठी एवं उत्सव

काठमाडौँ । बहुजातीय, बहुभाषिक कला तथा संस्कृति संरक्षण एवं संवर्द्धन गर्ने प्रमुख उद्धेश्यका साथ नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रदेश नं १. स्तरीय बहुभाषिक सङ्गीत विचार गोष्ठी र र बुहभाषिक सङ्गीत उत्सव सम्पन्न गरेको छ । सुनसरी जिल्लाको इटहरी उपमहानगर पालिकामा बैशाख २७ गते मुख्यमन्त्री राईले प्रदेश नं. १ स्तरीय बहुभाषिक सङ्गीत उत्सव एवं विचार गोष्ठी आयोजना गरेकोमा सङ्गीत नाट्य प्रज्ञा-प्रतिष्ठानप्रति प्रशंसा प्रकट गर्नुभयो । भाषा, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा यस प्रकृतिका कार्यक्रमले ऐतिहासिक भूमिका निर्वाह गर्ने बताउनु हुँदै भौतिक विकाससँगै सबै जातजाति, भाषाभाषी, धर्म,




*लिम्बु भाषाको गीत प्रस्तुत गर्दै कलाकारहरू*

विचार गोष्ठी र २८ गते उत्सवको आयोजना गरियो ।

वैशाख २८ गते किरात राई यायोक्खाको तायारिप्ची बहुउद्धेश्यीय भवनमा आयोजना गरिएको बहुभाषिक सङ्गीत उत्सवलाई प्रमुख अतिथि प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गर्नु भएको थियो ।

संस्कृतिको विकासले मात्र सरकारको 'समृद्ध नेपाल सुखी नेपाली'को नाराले पूर्णता प्राप्त गर्ने स्पष्ट पार्नुभयो । साथै, संस्कृतिको विकास एवं संरक्षणका लागि प्रदेश नं. १ सरकारले विशेष कार्ययोजना तयार गर्दै गरेकोले उक्त कार्यमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान समेतको सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

**सबै जातजाति, भाषाभाषी, धर्म, संस्कृतिको विकासले मात्र सरकारको 'समृद्ध नेपाल सुखी नेपाली'को नाराले पूर्णता प्राप्त गर्ने** – माननीय मुख्यमन्त्री शेरधन राई, प्रदेश नं. १



# बहुभाषिक विचार गोष्ठी सम्पन्न



*कार्यपत्र प्रस्तुत गर्दै डा. भक्त राई ।*



*गोष्ठीमा सहभागीहरू*

अघिल्लो दिन सङ्गीत साधना, इटहरीको सभा हलमा बहुभाषिक सङ्गीत विचार गोष्ठी आयोजना गरिएको थियो । विचारगोष्ठीका प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले भाषा, साहित्य, कला मानव जीवनको अभिन्न अङ्ग रहेकोले यसको संरक्षणबाट मात्र देशको समृद्धिको परिकल्पना साकार हुने बताउनुभयो । संस्कृतिको जगेर्नाका लागि सबैलाई हातमा हात तथा साथमा साथ मिलाएर अघि बढ्न आग्रह गर्नुभयो । सांस्कृतिक चेतनाको उर्वर र समृद्ध भूमि प्रदेश नं. १ को इटहरीबाट शुरू भएको संस्कृति संरक्षणको अभियानलाई प्रज्ञा-प्रतिष्ठानले यसरी नै सात वटै प्रदेशमा पुऱ्याउने कार्यक्रम रहेको पनि जानकारी दिनुभयो ।

विचार गोष्ठी एवं उत्सव कार्यक्रमका संयोजक नेपाल सङ्गीत तथा नाट्य

> **संस्कृति जगेर्नाका लागि सबैलाई हातमा हात तथा साथमा साथ मिलाएर अघि बढ्न आग्रह**
>
> *-सदस्यसचिव श्यामप्रकाश तमोट*

प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोक राईले लोकप्रिय जनवादी गीत 'गाउँगाउँबाट उठ, बस्ती बस्तीबाट उठ' गीतलाई विभिन्न भाषामा गाउँदै कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । प्राज्ञ राईले लोपोन्मुख कला, भाषाभाषी एवं संस्कृतिका गीतसङ्गीतको जगेर्ना गर्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको र यस्ता कार्यक्रमले वर्तमान पुस्तामा हराउँदै गएको सांस्कृतिक चेतलाई ब्यूँझाउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

वरिष्ठ सङ्गीतकार कुशेश्वर राईले साहित्य सङ्गीत र कलाविहिन समाज जतिसुकै भौतिक सुखसुविधाले पूर्ण रहेता पनि त्यो कहिल्यै समृद्ध नहुने धारणा राख्नुभयो ।

विचार गोष्ठीमा डा. भक्त राईले सङ्गीत र संस्कृतिबारे एक कार्यपत्र प्रस्तुत गर्दै समाज एवं राष्ट्रको पहिचानसँग जोडिने लोकसङ्गीतकै आधारमा आधुनिक सङ्गीत उभिएको उल्लेख गर्नुभयो । कार्यपत्रमा सङ्गीत भनेको के हो ? संसारमा सङ्गीतको उत्पति कसरी भयो ? नेपालमा प्रचलित सङ्गीत परम्परालगायतका विषय समावेश थिए ।

कार्यपत्रमाथि प्राज्ञ सत्यकला राई, प्राज्ञ शशी लुमुम्बु, शास्त्रीय सङ्गीतका गुरू वरिष्ठ सङ्गीतकार कुशेश्वर राई, सङ्गीतकार पारस मुकारूङ लगायतले टिप्पणी गर्नु भएको थियो । कार्यक्रम सङ्गीत साधना प्रतिष्ठान इटहरी नेपालका अध्यक्ष प्राज्ञ राम धामीको सभापतित्वमा सम्पन्न भएको थियो ।

## सङ्गीत उत्सवमा डेढ दर्जन बढी भाषाभाषीको सङ्गीत प्रस्तुति

वैशाख २८ गते किरात राई यायोख्खा, तायारिप्ची बहुउद्धेश्यीय भवनमा सम्पन्न बहुभाषिक सङ्गीत उत्सवमा १९ वटा भाषाभाषी एवं संस्कृतिमा कलाकारहरूले आफ्नो प्रस्तुति दिए ।

प्रदेश नं. १ मा बसोवास गर्ने अधिकांश जातिको विविधतापूर्ण प्रस्तुतिमा प्रमुख अतिथि प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राई, प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, वरिष्ठ




*शेर्पा भाषाको गीत प्रस्तुत गर्दै कलाकारहरू*




*दुमी भाषाको गीत प्रस्तुत गर्दै कलाकारहरू*



*उराव भाषाको गीत प्रस्तुत गर्दै कलाकारहरू*

गायक एल.पी. जोशी, डा. भक्त राई लगायत दर्शकश्रोतासमेत प्रफुल्लित भएका थिए ।

उत्सवमा राजवंशी, मगर, बान्तवा, आठपहरिया, शेर्पा, छिन्ताङ्गे, धिमाल, सुनुवार, उराव, मुस्लिम, लिम्बु र दुमी भाषाको गीत र खसआर्यको बालन नाच समेत प्रस्तुत गरिएको थियो ।

उत्सवमा लिम्बु भाषाको गीत प्रस्तुत गर्न तेऱ्हथुमबाट सिता सिङ्घक, पाँचथरबाट नुमा नेम्बाङ जातीय पहिरनमा उपस्थित थिए भने भोजपुरबाट लीला राई र मित्रराज राई बान्तावा भाषाको गीतमा लिएर हाजिर थिए । उता खोटाङबाट दुमी भाषाको गीत गाउन सन्तोष दुमी पुगेका थिए भने सुनुवार भाषाको गीत गाउन पाँचथरबाट उदय किरात कोइँच । झापाका गायक डिकबहादुर धिमालले आफ्नो भाषाको गीत गाए भने धनकुटाका चित्रबहादुर आठपहरिया र सूर्यबहादुर आठपहरियाले आठपहरिया भाषाको गीत सुनाए । पाँचथरका दालाक्पा शेर्पा मात्र होइन प्रदेश नं. ३ दोलखाका शर्क शेर्पा आफ्ना साथीसहित मातृभाषामा गाउन पाउँदा इटहरीको गर्मी सहन तैयार भए । सबैले आफ्नो मातृभाषामा गाउनु स्वभाविक थियो तर झापाका हरिप्रसाद पौडेलले राजवंशी भाषामा गीत गाएर नेपाली भाषिक विविधताको वास्तविक चिनारी दिए । भोजपुरबाटै कला राई, धनकुटाबाट छन्ताङ्गे राई भाषाको गीत गाउन सूर्य वालिङ र मगर भाषाको गीत गाउन ज्योति समालमगर सहभागी थिए ।

कार्यक्रममा वरिष्ठ सङ्गीतकार शीलाबहादुर मोक्तान, सुधिर चौधरी, पोषण घर्ती, बुद्ध लामा, रूपेश सिंह, मनोहर सुनाम, भरत बूढाथोकी बाद्यबादन र सङ्गीत संयोजनमा थिए ।

यसरी दिनभर चलेको उत्सवमा प्रमुख अतिथिलाई आयोजकका तर्फबाट कार्यक्रम संयोजकले रूद्राक्षको माला हस्तान्तरण गर्नुभएको थियो भने प्रमुख अतिथिले सहभागी कलाकारलाई प्रमाणपत्र समेत प्रदान गर्नु भएको थियो ।




*याक्खा भाषाको गीत प्रस्तुत गर्दै कलाकारहरू*




*प्रमुख अतिथि प्रदेश नं. १ का मुख्यमन्त्रीलाई माननीय शेरधन राईलाई मायाको चिनो प्रदान गर्दै प्राज्ञपरिषद् सदस्य अशोककुमार राई ।*

# बहुजातीय बहुभाषिक नृत्य प्रदर्शन तथा गोष्ठी सम्पन्न



*कार्यपत्र प्रस्तुत गर्दै संस्कृतिकर्मी सुवास खनाल ।*

काठमाडौं । २०७६ ज्येष्ठ ८ गते प्रदेश नं. २ को बाराको निजगढमा बुहजातीय बहुभाषिक नृत्य प्रदर्शन तथा गोष्ठी सम्पन्न भयो । निजगढ नगरपालिकाको सहयोगममा युथ् अफ् निजगढले आयोजना गरेको उक्त कार्यक्रमलाई प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले उद्घाटन गर्नु भएको थियो ।

विभिन्न भाषाका नृत्य र गायन प्रस्तुति रहेको उक्त कार्यक्रममा लेखक सुवास खनालले 'जोखिममा मौलिक नाच' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र नेपालका विभिन्न जातिमा प्रचलित लोकनृत्यको अवस्था, सम्भावना र चुनौतीबारे केन्द्रित थियो । लेखक खनालले नेपालका चार दर्जन बढी लोकनृत्यको उल्लेख गर्दै कतिपय नाच परम्परागत मौलिकता छोडेर विकृत बन्दै गएको त कतिपय नाच संरक्षणको अभावमा लोपोन्मुख अवस्थामा पुगेको औँल्याउनु भएको थियो । लोकनाच लोकजीवनको प्रतिविम्ब भएकोले त्यसको संरक्षणको राज्यले बहुलवादी सांस्कृतिक नीति अवलम्बन गर्नुपर्ने मागसमेत गर्नुभयो । नयाँ पुस्तामा लोकनाचका महत्त्व र जगेर्ना गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान, सांस्कृतिक संस्थान, विश्वविद्यालय आदि सम्बन्धित सङ्घसंस्था अझ बढी संवेदनशील हुनुपर्ने उहाँको विचार थियो ।

प्रमुख अतिथि तमोटले आयोजक संस्था र कार्यपत्र प्रस्तोतालाई धन्यवाद् दिँदै नेपालका सङ्गीत र नाट्यको संरक्षण, संवर्द्धन, प्रवर्द्धनमा प्रज्ञा–प्रतिष्ठान



**लोकनाचको खोजी र संरक्षण गर्नुपर्ने आवश्यकताको बारेमा बहस हुनु सकारात्मक**

**– नमूना शर्मा देवकोटा, प्राज्ञपरिषद् सदस्य**

प्रतिवद्ध रहेको दोहोऱ्याउनु भयो । "कुन समुदायको कुन नाच नाच्न छाडिसकियो, कुन गीत गाउन छाडिसकियो, ती नाच नाच्न सक्ने, ती गीत गाउन सक्ने को को हुनुहुन्छ ?" उहाँले त्यसलाई



**प्रज्ञा–प्रतिष्ठान तीन वटै तहका सरकारसँग हातेमालो गरेर अघि बढ्ने**

**–सदस्यसचिव श्यामप्रकाश तमोट**

आधार मानेर खोज अनुसन्धान, श्रव्यदृष्य अभिलेखनमा प्रज्ञा–प्रतिष्ठान तीन वटै तहका (गाउँ–नगर, प्रदेश र सङ्घीय) सरकारसँग हातेमालो गरेर अघि बढ्ने बताउनु भयो ।

कार्यपत्रमाथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका नृत्यविभाग प्रमुख प्राज्ञपरिषद् सदस्य नमूना शर्मा देवकोटा, हस्तबहादुर थापा र रामकुमार श्रेष्ठले पनि टिप्पणी गर्नु भएको थियो । प्राज्ञपरिषद् सदस्य शर्माले नृत्यसम्बन्धी यस्ता कार्यपत्र आउनु र लोकनाचको खोजी र संरक्षण गर्नुपर्ने आवश्यकताको बारेमा बहस हुनु सकारात्मक पक्ष भएको भन्दै नेपालमा धेरै जातिका धेरै लोकनृत्य भएका र कार्यपत्रले अझै विविध विषयलाई समेट्नुपर्ने सुझाव दिनु भएको थियो ।

एक दर्जन बढी स्थानीय कलाकारले विभिन्न जातजातिगत मौलिक नृत्य, आधुनिक नृत्य र गायन प्रस्तुत गरेको उक्त कार्यक्रम युथ् अफ् निजगढका अध्यक्ष सागर तामाङको सभापतित्वमा सम्पन्न भएको थियो ।




# बारा निजगढमा बहुभाषिक नृत्य प्रदर्शन

विविधतालाई आन्तरिक शक्तिमा परिणत गरेर समृद्धिको यात्रामा अघि बढ्नुपर्ने

– सुरेशकुमार खनाल
नगरप्रमुख, निजगढ नगरपालिका, बारा

काठमाडौं ।

प्रदेश नं. २ स्थित बारा जिल्लाको निजगढमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले बहुभाषिक नृत्य प्रदर्शन कार्यक्रम सम्पन्न गरेको छ । विविध जातजातिको मौलिक नृत्य संरक्षण, सम्बर्द्धन एवं विस्तार गर्न तथा नृत्यमार्फत् स्थानीयबासीबीच सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले कार्यक्रम आयोजना गरेको हो ।

यही ज्येष्ठ ६ गते निजगढ नगरपालिकास्थित उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित उक्त बहुभाषिक नृत्य प्रदर्शन कार्यक्रम प्रमुख अतिथि निजगढ नगरपालिकाका मेयर सुरेशकुमार खनालले मादल बजाएर उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि खनालले नेपालको भाषिक, सांस्कृतिक, जातीय, क्षेत्रीय, धार्मिकजस्ता विविधतामा खेलेर विद्वेष फैलाउने खोज्ने कतिपय वैदेशिक शक्तिबाट सचेत रहँदै विविधतालाई आन्तरिक शक्तिमा परिणत गरेर समृद्धिको यात्रामा अघि बढ्नुपर्ने बताउनुभयो । प्रमुख अतिथि खनालले यस्ता कार्यक्रमले जातीय विभेद हटाउन र जातीय मौलिक संस्कृतिको संरक्षण गर्न मद्दत पुऱ्याउने भन्दै प्रज्ञा-प्रतिष्ठानप्रति सराहना प्रकट गर्नु भएको थियो ।

विशिष्ट अतिथि निजगढ नगरपालिकाका उपमेयर लीलादेवी लामिछानेले सङ्गीतलाई विकास निर्माणसँगै जोडेर लैजानुपर्ने बताउनुभयो । उहाँले यस्ता कार्यक्रमले हराउँदै गएका हिजोका संस्कृतिको संरक्षण गर्ने मात्र नभई विविधतापूर्ण संस्कृतिलाई एकै मञ्चमा जोड्दै लाने पनि बताउनुभयो । जातीयता, भाषा, वर्ग, आदि हरेक कुराले समाजमा समान रूपमा रहन तथा एकअर्काका विचार र समस्यासँग नजिक हुन यस्ता कार्यक्रमले सन्देश दिने उहाँको कथन थियो ।

कार्यक्रमका सभाध्यक्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले नेपालको सङ्गीत तथा नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन

*नेवार जातिको लोक नृत्य ।*






*तमाङ जातिको सेलो नृत्य*

र विकासका लागि प्रज्ञा-प्रतिष्ठान इतिहासको खोज अनुसन्धानका लागि मुलुकका सबै क्षेत्रमा पुग्ने बताउनुभयो । उहाँले यसका लागि राज्यका तीनै तहका सरकार (केन्द्र, प्रदेश र स्थानीय) सँग सहकार्य, समन्वय गरेर प्रज्ञा-प्रतिष्ठान अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै यस बहुभाषिक नृत्य कार्यक्रम सम्पन्न गर्न सहकार्य गर्ने सबै सङ्घ, संस्थाप्रति कृतज्ञता प्रकट गर्नुभयो ।

प्रज्ञा-प्रतिष्ठानका नृत्य विभाग प्रमुख तथा कार्यक्रम संयोजक प्राज्ञपरिषद् सदस्य नमूना शर्मा देवकोटाले आयोजकको तर्फबाट स्वागत गर्नु भएको थियो । प्राज्ञपरिषद् सदस्य देवकोटाले बहुभाषिक नृत्यद्वारा राष्ट्रिय एकताको भावना जागृत गर्ने, विभिन्न समुदायमा रहेका नृत्य परम्पराको खोज अनुसन्धान गरी त्यसको अभिलेख र संरक्षणमा थोरै भए पनि सघाउ पुग्ने उद्देश्यले प्रज्ञा-प्रतिष्ठानले कार्यक्रम आयोजना गरेको स्पष्ट पार्नुभयो ।

## नौ नृत्य प्रदर्शन

राष्ट्रिय भावनाको स्वागत गीतमा नृत्य गरी शुरू गरिएको यस कार्यक्रममा विभिन्न जातजातिगत संस्कृति झल्कने ९ वटा नृत्य प्रदर्शन भएको थियो । जसमा थारू जातिको लौरी नृत्य, छोक्रा नृत्य, तामाङ जातको डम्फु नृत्य, नेवारी जातिको तान बुन्ने संस्कृतिसँग सम्बन्धित नृत्य, मैथिली, भोजपुरी र नेपाली नृत्य रहेका थिए ।

कार्यक्रमा मैथिली र भोजपुरी संस्कृतिमा समृद्ध प्रदेश नं. २ अन्तर्गत् पर्ने बारा र रौतहट जिल्लामा बसोवास गर्ने विभिन्न जातिका मौलिक नृत्यसँगै प्रदेश नं. ३ अन्तर्गत्का मकवानपुर र चितवन जिल्लाबाट समेत कलाकारहरूले विभिन्न जातजातिका सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

राष्ट्रिय भावनाको स्वागत गीतमा कलाकारहरू अस्मी घिमिरे, ऊर्जा कायस्थ, सजना ढकाल, निकिता फुयाँल र निकिता भट्टराईको सामूहिक नृत्य रहेको थियो । त्यसैगरी चितवनबाट थारू जातिको मौलिक नृत्यसहित कलाकारहरू राजकुमार चौधरी, सुरेन्द्र चौधरी, सीताराम चौधरी, कृष्ण चौधरी, रोशन चौधरी, पवन चौधरी, सुरेश चौधरी, निरञ्जन चौधरी, कमल चौधरी, सरोज चौधरी, सरोजलाल चौधरी, ज्यलाल चौधरी, पवन चौधरी, वसन्त चौधरी, अनिश चौधरी, भुखल चौधरी, इन्दुराज चौधरी, विर्जु चौधरी, विपिन चौधरी र अभिषेक चौधरी सहभागी भए ।

सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व प्राज्ञसभा सदस्य बृजकिशोर सहनीको संयोजकत्वमा रौतहटबाट झिँझिया नृत्य प्रदर्शन गरिएको थियो । यस नृत्यको प्रशिक्षक अमन श्रेष्ठ थिए भने सहभागी कलाकारमा दिक्षा मिश्र, संस्कृति राउत,




थारू जातिको लोक नृत्य

आकृति राउत, निशा यादव, साक्षी मिश्र, मनिषा शाह, अरबिन्द शाह थिए ।

प्रदेश नं. २ कै बारा जिल्लाबाट तामाङ जातिको मौलिक सेलो नाच प्रस्तुत गरियो । मीठु लामा नृत्य निर्देशक रहेको यस टोलीमा सम्फना लामा, लक्ष्मी लामा, गङ्गा लामा, जमुना लामा, सरिता लामा, प्रमिला लामा सहभागी थिए ।

प्रदेश नं. ३ को मकवानपुरबाट प्रलय चौलागाइँ परम्परागत नेवारी नृत्य प्रस्तुतिका लागि टिम संयोजनका साथ निजगढ ओर्लिएका थिए । नेवार समुदायमा प्रचलित धान बुन्ने परम्परामा आधारित यस नृत्यमा रोजिन श्रेष्ठ, रोजिना श्रेष्ठ, एन्जल श्रेष्ठ, अमिसा श्रेष्ठ, स्मारिका भट्टराई, सुप्रीम श्रेष्ठ, कृपा कार्की, मिलिसा भेटवाल, राधा कुमारी महतो, अजिती कोइराला, आश्रिती कोइराला, इशा कार्कीको जोडदार प्रस्तुति रहेको थियो ।

विशेष अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले पनि *'पोखराको फेवाताल, रूपा ताल, ल्याइछु मैले त्यै तालको मायाजाल'* बोलको गीत गाएर कार्यक्रमलाई झनै उत्साहित पार्नुभयो ।




सहआयोजक युथ् अफ् निजगढ र सहयोगी संस्था निजगढ नगरपालिका रहेको यस कार्यक्रममा स्थानीय बुद्धिजीवी, विशिष्ट व्यक्तित्व, सरकारी र गैर सरकारी कार्यलयका प्रमुख, प्रधानाध्यापक, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सुरक्षा निकाय, सञ्चारकर्मीको उल्लेख्य उपस्थिति रहेको थियो ।

## मायाको चिनो र प्रशंसा पत्र हस्तान्तरण

निजगढको लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको पहिलो यस कार्यक्रममा सदस्यसचिव श्यामप्रकाश तमोटले प्रमुख अतिथि निजगढ नगरपालिका मेयर सुरेशकुमार खनाल र विशिष्ट अतिथि लिलादेवी खनाललाई प्रतिष्ठानको तर्फबाट मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो । त्यस्तै सहआयोजक युथ् अफ् निजगढ र सहयोगी निजगढ नगरपालिकालाई प्रशंसा पत्र तथा सहभागी सम्पूर्ण कलाकारहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो । कार्यक्रममा युथ् अफ् निजगढका अध्यक्ष सागर तामाङले सबै सहयोगीहरूलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रमको सञ्चालन मनिता पाण्डे र भाइकाजी श्रेष्ठले गर्नु भएको थियो ।



झिँझिया नृत्य




## चितवन रत्ननगरमा बहुभाषिक लोकगीत उत्सव

# एक दर्जन गीत तथा नृत्य प्रदर्शन

काठमाडौं ।

नेपालका विभिन्न जातजातिको मातृभाषा, भेषभुषा, लोकसङ्गीत तथा लोकसंस्कृतिको संरक्षण, संवर्द्धन गरी नयाँ पुस्तामा यसको भावना जागृत गर्ने र आपसी सामाजिक सद्भाव प्रगाढ पार्ने उद्देश्यका साथ नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रदेश नं. ३ को चितवन रत्ननगर टाँडीस्थित गङ्गोत्री हलमा ज्येष्ठ १० गते बहुभाषिक लोकगीत उत्सव सम्पन्न गरेको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको लोकगीत तथा नृत्य विभागद्वारा आयोजित उक्त एक दिने वृहत् उत्सवलाई प्रदेश नं ३ का संस्कृति, पर्यटन तथा वन मन्त्री अरूण नेपालले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मन्त्री नेपालले बहुभाषा, बहुजाति, बहुसंस्कृति र यससँग सम्बन्धित गीत, नृत्यको विविधता नै हाम्रो राष्ट्रिय पहिचान रहेकोले त्यसको संरक्षण, संवर्द्धन र विकासमा यस्ता उत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले हरेक युगको लक्ष्य हुने चर्चा गर्दै अहिले नेपाल समृद्धिको युगतिर लम्किरहेकाले त्यससँग कला र संस्कृतिलाई सँगै जोडेर लैजान सांस्कृतिक पुनर्जागरण आवश्यक रहेको औंल्याउनुभयो ।

स्थानीयदेखि राष्ट्रिय ख्याति प्राप्त कलाकारको सहभागिता रहेको उत्सवमा




गीतनृत्य प्रस्तुतिका साथै प्रस्तुतिका बीचबीचमा महत्त्वपूर्ण व्यक्तिहरूले शुभकामना मन्तव्य समेत प्रदान गरेका थिए । यसै क्रममा प्रदेश नं. ३ का सांसदहरू कृष्ण खनाल र कञ्चन खनाल तथा रत्ननगर नगरपालिका उपप्रमुख विमला दुवाडीले उत्सव सफलताको शुभकामना दिनुहुँदै मौलिक लोकसङ्गीत तथा नृत्यको समृद्ध परम्परालाई निरन्तरता दिने चुनौती रहेको विचार व्यक्त गर्नुभयो । युवा पुस्तामा मौलिक संस्कृतिको अभ्यासअनुशरण कम हुँदै गएकाले भविष्यमा सांस्कृतिक क्षेत्रमा निम्तन सक्ने डरलाग्दो अवस्थालाई रोक्न यस्ता उत्सवले टेवा पुऱ्याउनेमा तीनै जनाको एक मत रहेको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको लोकगीत तथा नृत्य विभागप्रमुख प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले आयोजकको तर्फबाट स्वागत गर्दै आधुनिकताको नाममा नेपाली लोक गीतसङ्गीतको मौलिकतामाथि परेको असरलाई यस्ता उत्सवले केही मात्रमा भए पनि चिर्नसक्ने प्रज्ञा-प्रतिष्ठानको अपेक्षा रहेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, प्राज्ञसभा सदस्य प्रजापति पराजुली, बरिष्ठ गायक अमर विरही गुरूङ र मिलन लामाले पनि मन्तव्य राख्नु भएको थियो ।

## पन्ध्रवटा पन्ध्रवटा साङ्गीतिक प्रस्तुति

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान, चितवन र भजन लोकचुड्का संरक्षण समिति सहआयोजक र रत्ननगर नगरपालिका सहयोगी संस्थाको रूपमा रहेको यस उत्सवमा प्रदेश नं ३ का विभिन्न जिल्लामा रहेका विभिन्न जातजातिले आफ्नो लोकसङ्गीत प्रस्तुत गरेका थिए । जसमा अल्पसङ्ख्यक समुदाय बोटे, चेपाङ, मुसहर, बोटे, गुरूङ, मगर, नेवार, दराई, माझी, खस-आर्य र तामाङ जातिसँग सम्बन्धित लोकगीत समूह र परम्परागत बाद्यबादन समूहको पन्ध्रवटा साङ्गीतिक प्रस्तुति रहेको थियो ।

यस क्रममा शिव पार्वती (भजन) समूहले क्षेत्री जातिले गाउने लोपोन्मुख शिव

## नेपाल समृद्धिको युगतिर लम्किरहेकाले त्यससँग कला र संस्कृतिलाई सँगै जोडेर लैजान सांस्कृतिक पुनर्जागरण आवश्यक *– संस्कृति, पर्यटन तथा वन मन्त्री **अरूण नेपाल** प्रदेश नं. ३*

भजन प्रस्तुत गरेको थियो । जसमा वयोवृद्ध कलाकारहरू भजनमा छमछमी नाच्दा कार्यक्रमको माहोल उत्साहित बन्यो । शिव भजन प्रस्तुतिमा सहभागी कलाकारमा कलाधर ढकाल, दुर्गाबहादुर थापा, हरि अधिकारी, कर्णबहादुर थापा, लेखबहादुर थापा, गोविन्द सिग्देल, कृष्ण प्रसाद अधिकारी, गजबहादुर थापा, अनुज थापा, प्रेम पन्थी, सरिता थापा, शर्मिला अधिकारी, दुर्गा सुवेदी, रिना थापा, भगवती सिग्देल रहेका थिए ।

उत्सवको अर्को आकर्षक प्रस्तुति कुमाल जातिले नृत्य गर्ने कृष्ण भगवानका लीलामा आधारित लोपोन्मुख नृत्य थियो । भित्री मधेशदेखि नदीका किनार र पहाडका कछाडमा बस्ने कुमाल जातिले परम्परादेखि गाउँदैनाच्दै आएको यस नृत्यलाई उत्सवमा देख्न पाउँदा सहभागी पुलकित भए । यस नृत्यमा विक्रम कुमाल, कर्ण बहादुर कुमाल, सीताराम कुमाल, बलबहादुर कुमाल, पर्दानी साइला, वाबुकृष्ण साइला, सन्तबहादुर साइला, मनु माया साइला, चमेली साइला, कुलबहादुर साइला, र कृष्णबहादुरको सामूहिक प्रस्तुति रह्यो ।

त्यसैगरी चितवनलाई एक आदिभूमि मान्ने थारू समुदायको झम्टा गीतलाई थारू महिलाहरूले मञ्चमा जीवन्त रूपमा प्रस्तुत गरे । थपडी मात्र बजाएर गाइने यस गीतमा शारदा महतो, मञ्जु महतो, मीरा महतो, अरूणा महतो, निर्मला महतो, रिता महतो, अन्जाना महतो र शारदा महतो सहभागी भए ।

त्यस्तै मुसहर जातिका कलाकार बसन्ती माझी, रजनी माझी, प्रभाती माझी, दिनमाया माझी, ढिकुनी माझी, दिल कुमारी माझी, दिपा माझी, शुर्मा माझीले माछा मार्न जाँदाको सुखदु:खलाई गीतको माध्यमबाट प्रस्तुत गरे भने प्रदेश नं. ३ मा मुख्य बसोवास गर्ने तामाङ जातिको छेरेङ्गाइ भाकालाई सुन्दर लामा, प्रकाश तामाङ, राजेन्द्र सिङ, विमला सिङ, दिपक मोक्तान, रमेश मोक्तान, बिनोद लामा र हरिबहादुर तामाङले समूहगत रूपमा सुनाए ।

हो । मुख्य गरी प्रदेश नं. ४ र ५ बसोवास गरे पनि यो जाति मुलुकको सबैतिर छरिएर रहेको पाइन्छ । चितवनमा समेत उल्लेख्य उपस्थिति रहेको मगर समुदायका कलाकार *'बोई वान्यूकुङ पालुङ लाकिङ, स्याहको राहृच कोरो ...'* भन्दै कौरा गीतसँग नाच्दै गाउँदै मञ्चमा उपस्थित भए । मगर नृत्य टोलीमा निर्मला थापामगर, अस्मिता रानामगर, मनिता थापामगर, सुस्मिता थापामगर, सुनिता थापामगर, थिए भने




महोत्सव उद्घाटन गर्नुहुँदै माननीय संस्कृति, पर्यटन तथा वन मन्त्री अरूण नेपाल ।

यता अल्पसङ्ख्यक जातिका रूपमा मानिने चेपाङ जातिका कलाकार *'हावा सरर...'* भन्दै आफ्नो दुखपीरव्याथा, खाने बस्ने लेख्ने आधार नहुँदा जीवनमा भोग्नुपरेका वेदनाका गाथासहित मञ्चमा उत्रिए । यस गीतमा सिमरन चेपाङ, मेलिना चेपाङ, राजकुमारी चेपाङ, सन्देवा चेपाङ, सिर्जना चेपाङ, अमृता चेपाङ, दिपु चेपाङ, मिनु चेपाङ, मनोज चेपाङ, दिलिप चेपाङको प्रस्तुति रहेको थियो ।

बहुसांस्कृतिक नेपालमा मौलिक लोकसङ्गीतले समृद्ध जाति मगर समुदाय गायनमा टोलीमा दिलबहादुर थापामगर, सुकबहादुर थापामगर, हानविर थापामगर, भिमबहादुर थापामगर, विनोद थापामगर, अरूण थापामगर, संजय थापामगर, मधुवीर थापामगर, ईश्वर थापामगर, सौरभ रानामगर थिए ।

त्यसैगरी तराईमा मुख्य बसोवास गर्ने दराई जातिसँग सम्बन्धित दाजुभाइ र दिदीबहिनी बीचको सम्बन्ध दर्शाउने सोहराई गीतलाई दराई कलाकारले पस्किए । यस गीतमा बाबुराम दराई, सम्झना दराई, शान्त दराई, नथुराम दराई, गुञ्जबहादुर दराई, विमला






*मगर जातिको लोक नृत्य ।*



खस आर्य लोक नृत्य ।

दराई, सम्झना दराई, ललिता दराई सहभागी थिए ।

ऐतिहासिक कालदेखि गण्डकी क्षेत्रमा मौलिक संस्कृति मौलाएर बसेको गुरूङ समुदाय यो महोत्सवमा छुट्ने कुरा भएन । कलाकारहरू चाइना गुरूङ, स्मृति गुरूङ, टकबहादुर गुरूङ, चिनप्रसाद गुरूङ, मधुकर गुरूङ, हिराबहादुर गुरूङ, विमला गुरूङ र होमबहादुर गुरूङले आफ्नो जातिको परम्परागत नृत्य प्रस्तुत गरे ।

यसरी विभिन्न जातजातिका मौलिक भेषभूषा र परम्परागत वाद्यवादन सहितको गायन र नृत्य उत्सव दिनभर चलिरह्यो । प्रत्येक टोलीको प्रस्तुति सकिनेवित्तिकै कलाकार टोलीलाई प्रमुख अतिथि, प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, कार्यक्रम संयोजक प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाबाट प्रमाणपत्र प्रदान गरियो ।

यसैगरी प्रमुख अतिथि प्रदेश नं ३ का संस्कृति, पर्यटन तथा वनमन्त्री अरूण नेपाल, विशिष्ट अतिथि प्रदेश नं. ३ का सांसदहरू कञ्चन खनाल र कृष्ण खनाल तथा अर्का विशिष्ट अतिथि रत्ननगर नगरपालिकाका उपमेयर विमला दुवाडी र अन्य सहयोगी सङ्घसंस्थालाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट र कार्यक्रमसंयोजक प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाबाट मायाको चिनो र कदर पत्र हस्तान्तरण गरियो ।

## सङ्गीतकर्मी गुरूङ र लामा सम्मानित

यही उत्सवको अवसरमा प्रदेश नं. ३ का अग्रज तथा बरिष्ठ लोकगीत गायक अमर बिरही गुरूङ र प्रसिद्ध युवा संस्कृतिकर्मी मिलन लामालाई सम्मान समेत गरियो । कलाकार गुरूङ र लामालाई प्रमुख अतिथि प्रदेश नं. ३ का संस्कृति, पर्यटन तथा वन मन्त्री अरून नेपालले प्रज्ञा-प्रतिष्ठानको तर्फबाट कदर-पत्र प्रदान गर्नुभएको थियो । सम्मानित संस्कृतिकर्मीले भाषासंस्कृति बारेमा गीत प्रस्तुत गर्दै आफ्ना भनाइ पनि राख्नु भएको थियो ।

रेडियो अर्पणले प्रत्यक्ष प्रसारण गरेको यस उत्सवमा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य नमूना शर्मा देवकोटा, प्राज्ञसभा सदस्य प्रजापति पराजुली, साहित्यकार तिलकराज पौडेललगायत विभिन्न प्रवृद्ध वर्ग तथा सङ्घ संस्थाका प्रतिनिधिहरूको उत्साहवर्द्धक उपस्थिति रहेको थियो ।

संस्कृतिकर्मी राजेन्द्र हमालको रोचक उद्घोषणसँगै विहान ११ बजे शुरु भएको उत्सव सभापतिको हैशियतमा प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले टुङ्गिएको घोषणा गर्दा बेलुकीको छ बजिसकेको थियो । यसरी भव्यतापूर्वक उत्सव सम्पन्न हुँदा सदस्यसचिव तमोटको भावमुद्रा अत्यन्त हर्षित र उत्साहित थियो नै, सँगै नेपाली लोकसङ्गीतको संरक्षण, संवर्द्धन र यसको सर्वाङ्गिण विकासमा प्रज्ञा-प्रतिष्ठान यसरी नै अनवरत लागिरहने प्रतिबद्धता समेत जनाउनुभयो ।

यसको भोलिपल्ट यही अवसरमा प्रदेश नं. ३ का अग्रज लोक संस्कृतिकर्मी अमर विरही गुरूङ, चेपाङ संस्कृतिका जानकार व्यक्तित्व केपी किरण शर्मा र अग्रज लेखक साहित्यकार, गीतकार प्रेम विनोद नन्दनज्यूको समग्र व्यक्तित्व र कृतित्व झल्कने बायोग्राफीको समेत छायाङ्कन गरिएको थियो ।



*बरिष्ठ लोकगीत गायक अमर बिरही गुरूङ सम्मानित हुँदै ।*



*प्रसिद्ध युवा संस्कृतिकर्मी मिलन लामा सम्मानित हुँदै ।*



## अनुपम साँझ सम्पन्न

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाको प्रमुख आतिथ्यतामा छैठौँ अनुपम साङ्गीतिक साँझ २०७६ जेठ २५ गते पोखरामा सम्पन्न भयो ।

अग्रजलाई सम्मान र अनुजलाई प्रोत्साहन एवं असहाय बालबालिकाको सहयोगार्थ आयोजना गरिएको उक्त कार्यक्रममा विभिन्न अग्रज साधक र समाजसेवीलाई सम्मान समेत गरिएको थियो । अग्रज समाजसेवी विश्वमोहन गौचन, बरिष्ठ गायक पुरूषोत्तम न्यौपाने, सङ्गीतकार डेनी निरौला, गीतकार सुमन श्रापितलाई नगद तथा ताम्रपत्रद्वारा प्राज्ञ कोइरालाले सम्मान प्रदान गर्नु भएको थियो ।

पोखरा उद्योग वाणिज्य सङ्घको सभाहलमा खचाखच दर्शकमाझ दार्जिलिङका गायक कर्म ग्याल्जेन, शीतल थापा, पुरूषोत्तम न्योपाने, रामभक्त जोजिजु र इतु जोजिजुसहित पन्ध्र समूहले आ-आफ्नो प्रस्तुति राखेका थिए । कार्यक्रम अनुपम म्यूजिक पोखराका प्रवन्धनिर्देशक गजलकार अनुराग अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो ।




## प्रा.डा. जगमान गुरूङ सम्मानित

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइराला भैरव सांस्कृतिक संरक्षण समितिको सम्मान कार्यक्रम तथा विचार गोष्ठीमा उपस्थित भई प्रतिष्ठानको तर्फबाट विशिष्ट अतिथिको भूमिकामा सम्मानित संस्कृतिविद् नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति प्रा.डा. जगमान गुरूङलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

प्रा.डा. गुरूङलाई २०७६ जेठ २० गते पोखराको उद्योग वाणिज्य सङ्घको सभाहलमा कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका प्रमुख बाबुराम कुँवरले भैरव सांस्कृतिक संरक्षण समितिको २०७५ को सर्वज्ञमान विष्णुदेवी सांस्कृतिक पुरस्कार प्रदान गर्नुभएको




थियो । प्रदेशप्रमुख गुरूङले गण्डकी प्रदेश संस्कृतिको उर्वर भूमि रहेको र यस्ता सम्मानले साधकहरूलाई अझ थप ऊर्जा प्रदान गर्ने विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रममा शिक्षासेवी जर्जोन, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्यसचिव तीर्थ श्रेष्ठ, अग्रज सङ्गीतकार कृष्णबहादुर श्रेष्ठले सम्मानित व्यक्तित्व गुरूङलाई बधाइ तथा शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम संस्कृतिकर्मी तीर्थमान प्रधानाङ्गको अध्यक्षतामा सम्पन्न भएको थियो । भोलिपल्ट भैरव नृत्यसम्बन्धी गोष्ठीसमेत आयोजना भएको थियो ।

## प्राज्ञपरिषद् सदस्य कोइराला र प्राज्ञसभा सदस्य पराजुली सम्मानित

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइराला र प्राज्ञसभा सदस्य प्रजापति पराजुली पोखराका १२ वटा वाङ्मयिक संस्थाबाट सामूहिक रूपमा सम्मानित हुनु भएको छ ।

नेपाल सरकारबाट प्रज्ञा-प्रतिष्ठानमा नव नियुक्त उहाँहरूसहित नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञपरिषद् सदस्यमा नियुक्त बुद्धि गुरूङ र नेपाल प्रज्ञा-प्रतिष्ठान प्राज्ञसभा सदस्य नियुक्त सूर्य खड्का 'बेखर्ची' र सुभद्रा भट्टराई २०७५ माघ १ गते एक समारोहका बीच सम्मानित हुनु भएको हो ।

समारोहका प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति भक्त श्रेष्ठ (सरूभक्त), अलिमियाँ लोक वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँ र प्राडा रविलाल अधिकारीले उहाँहरूलाई सम्मानपत्र, दोसल्ला र माला प्रदान गरी सम्मान गरेका थिए । यसरी सम्मान गर्ने संस्थाहरूमा अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान, लेखनाथ साहित्य प्रतिष्ठान, हिमाली सांस्कृतिक परिवार, पोखरेली युवा सांस्कृतिक परिवार, हेमजा साहित्य प्रतिष्ठान, स्वतन्त्र पत्रकार सङ्घ,



सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान, भक्ति सङ्गीत प्रतिष्ठान, त्रिवेणी सङ्गीतालय, गीताञ्जली साहित्य परिवार, जोजिजु म्युजिक स्कुल र हेमराज पहारी स्मृति प्रतिष्ठान रहेका छन् ।

प्रमुख अतिथि सरूभक्तले शुभकामना प्रदान गर्ने पोखराको विशेष संस्कार रहेको चर्चा गर्दै १२ वटा वाङ्मयिक संस्थाको सामूहिक सम्मान पनि उदाहरणीय रहेको बताउनुभयो । कार्यक्रममा लेखानाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालले स्वागत मन्तव्य तथा साहित्यकार तुलसी प्रवासले सम्मानित व्यक्तिहरूको परिचय गराएका थिए । कार्यक्रम हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद पौडेलको सञ्चालन र अलिमियाँ लोक वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँको अध्यक्षतामा सम्पन्न भएको थियो ।



त्यसैगरी दिवङ्गत श्रष्टा विनोद गौचनको पाँचौं स्मृति दिवसको अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइराला र प्राज्ञसभा सदस्य प्रजापति पराजुली कविता गाउँ लुम्ले, अन्नपूर्णमा पनि सम्मानित हुनु भएको छ ।

नेपाली लोकगीत र साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्राज्ञपरिषद् सदस्य कोइराला, प्राज्ञसभा सदस्य पराजुली सँगै नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य सूर्य खड्का 'बेखर्ची'लाई कार्यक्रममा प्रमुख अतिथि अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष चित्रबहादुर गुरूङले सम्मानित गर्नु भएको हो ।

कार्यक्रममा विशिष्ट अतिथि विनोद गौचनका दाजु अग्रज समाजसेवी विश्वमोहन गौचन, अग्रज गायिका बाबा राणा, नागरिक समाजका अध्यक्ष रामबहादुर पौडेल, साहित्यकार कृष्ण अञ्जान, समीक्षक असफल गौतमले कविता गाउँ लुम्लेलाई साहित्यिक पर्यटनको गन्तव्यस्थलको रूपमा विकास गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

कार्यक्रम चुडामणि देवकोटाको अध्यक्षता र भक्त देवकोटाको उद्घोषणमा सम्पन्न भएको थियो ।

## प्राज्ञपरिषद् सदस्य कोइरालाद्वारा पुस्तक लोकार्पण



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले गण्डकी प्रदेशका सांसद पुष्पा के.सी.को दुई कृति 'केही सुसेली केही सुस्केरा' कविता सङ्ग्रह र 'सङ्गम' मुक्तक सङ्ग्रहको लोकार्पण गर्नुभयो ।

शुक्ला साहित्य समिति बाटुलेचौरले ०७६ ज्येष्ठ २१ गते आयोजना गरेको नियमित भेटघाट तथा रचना वाचन कार्यक्रममा उक्त दुई कृतिलाई प्रमुख अतिथिको हैशियतमा लोकार्पण गर्दै उहाँले लेखक तथा सांसद के.सी.लाई आउने दिनमा लेखन निरन्तरताको शुभकामना दिनु भएको थियो ।

लोकार्पित दुई कृतिमाथि अग्रज पत्रकार तथा साहित्यकार बद्रीविनोद प्रतीकले समीक्षा गर्नुभएको थियो भने साहित्यकार रमेश सुभेच्छुक, मदन थापा र रामबहादुर बानियाले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा काठमाडौं र पोखराका विशिष्ट श्रष्टाहरूको समुपस्थिति रहेको थियो ।

# स्रष्टाबारे लघु श्रव्यदृष्य सामग्री निर्माण प्रज्ञा-प्रतिष्ठानले आफ्नो वेभासाइटमा अपलोड गर्ने

अनौपचारिक शैलीमा तयार गरिएका यी सामग्रीबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गर्नुपर्ने आगामी नीति तथा कार्यक्रमलाई समेत दिशानिर्देश गर्ने सदस्यसचिवको तमोटको विश्वास छ ।

काठमाडौँ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले अग्रज स्रष्टाहरूको जीवनी र विचार समेटिएको लघु श्रव्यदृष्य सामग्री तयार गरी आफ्नो वेभसाइटमा अपलोड गर्ने कार्यको थालनी गरेको छ । यस कार्यले राष्ट्रको विभिन्न स्थानमा रहेर नेपालको सङ्गीत, नाट्य तथा नृत्य विधामा लामो समयदेखि साधनारत स्रष्टाहरूलाई योगदानको उचित संरक्षण पुग्ने प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले बताउनुभयो ।

यसको प्रारम्भिक चरणमा नाट्य तथा गीतलेखन क्षेत्रका बरिष्ठ स्रष्टा प्रेमविनोद नन्दनदेखि धिमाल जातिको गीतसङ्गीत विज्ञ गणेशमान धिमाल लगायत १२ जना स्रष्टा समेटिएका छन् । यसभित्र हेटौंडामा रहेर नेवारी, तमाङ तथा नेपाली लोकगीत सङ्कलन तथा गायनमा सक्रिय रहेर पनि गुमनामजस्तै रहेका कलाकार सोमबहादुर लामा पनि समाविष्ट छन् । कलाकार लामा २०६८ साल चैत्र १२ गतेदेखि उच्चरक्तचापले थला परेका छन् । २०२० सालमा मकावानपुर रातमाटे गाउँपञ्चायतका तत्कालीन प्रधानपञ्चसमेत रहेका लामाले 'आलु र तामा' बोलको लोकगीत २०३३ सालमा रेडियो नेपालमा रेकर्ड गर्दा अरू थप १३ वटा गीत पनि बुझाएको तर ती गीत पछि अरू नै गायकले आफ्नो नाममा गाएको उहाँको धर्मपत्नीले कुराकानीमा बताएकी छिन् । १९९९ साल माघ १२ गते जन्मिएका कलाकार लामा अहिले विरामका कारण बोल्न सक्ने अवस्थामा छैनन् ।

आजीवन नाट्यसङ्गीत विधामा सक्रिय रहेर पनि गुमनाम यस्ता स्रष्टाका योगदानलाई सही मूल्याङ्कन, सम्मान र संरक्षण गर्नलाई लघु श्रव्यदृष्य सामग्रीले थोरै भए पनि सहयोग पुग्ने सदस्यसचिव तमोटले बताउनुभयो, "राजधानीबाट टाढा मोफसलमा रहनुले कतिपय स्रष्टा गुमनाम छन् । त्यस्तै जातीय, क्षेत्रीय, भाषिक भेदका कारण पनि कतिपय स्रष्टा नाट्यसङ्गीतको मूलप्रवाहमा समाहित हुन नसकिरहेको अवस्था छ । त्यसतर्फ प्रज्ञा-प्रतिष्ठान संवेदनशील छ ।"

अनौपचारिक शैलीमा तयार गरिएका यी सामग्रीबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गर्नु पर्ने आगामी नीति तथा कार्यक्रमलाई समेत दिशानिर्देश गर्ने सदस्यसचिवको तमोटको विश्वास छ । कुराकानीका क्रममा प्रज्ञा-प्रतिष्ठानले स्रष्टाहरूबाट अत्यन्त महत्त्वपूर्ण राय-सुझाव प्राप्त गरेको तथा आफ्ना सरोकारवाला समूहसँग झनै सन्निकट सम्बन्ध विस्तार गर्न गइरहेको अनुभूति समेत मिलेको सदस्यसचिव तमोटले बताउनुभयो ।

यी श्रव्यदृष्य सामग्रीमा स्रष्टाहरूले आफ्नो विधामा स्थापित हुनलाई विगत्मा गर्नुपरेको रोमाञ्चक सङ्घर्षका कथा त कहेका छन् नै सँगै सङ्गीतनाट्य विधाका समकालीन प्रवृत्ति, राज्यको दायित्व र स्रष्टाले खेल्नुपर्ने आवश्यक भूमिकाबारे समेत खुलेर आफ्ना विचार राखेका छन् । यस चरणको श्रव्यदृष्य सामग्रीमा दमकमा रहेर सक्रिय बरिष्ठ लोकगायक तथा लोकगीत सङ्कलक एलपी जोशी, चितवनमा रहेर गीत तथा नाट्य लेखनमा सक्रिय बरिष्ठ गीतकार प्रेमविनोद नन्दन, विराटनगरमा रहेर सक्रिय बरिश्ठ शास्त्रीयसङ्गीत साधक कुशेश्वर राई, रत्ननगर चितवनमा रहेर सक्रिय बरिश्ठ लोकदोहोरी गायक अमरविरही गुरूङ समाविष्ट छन् । त्यसैगरी बिर्तामोड, झापामा रहेर सक्रिय गीतकार शिवशङ्कर थापा, बिर्तामोडमै रहेर जनवादी गीतसङ्गीतका अग्रज स्रष्टा चन्द्र भण्डारी, हेटौंडामा रहेर सक्रिय गायक, सङ्गीतकार तथा सङ्गीत गुरू प्रेमचन्द्र महर्जन, हेटौंडामै रहेर आजीवन गीतसङ्गीतमा सक्रिय तर गुमनाम कलाकार सोमबहादुर लामा पनि समावेश छन् । त्यसैगरी जनवादी गीतसङ्गीतमा सक्रिय सङ्गीतकर्मी ओम श्रेष्ठ, सङ्गीत साधना प्रतिष्ठान, इटहरीका अध्यक्ष राम धामी, महासचिव राजु केसीसँगै धिमाल जातिको गीतसङ्गीत विशेषज्ञ गणेशमान धिमालसँग समेत सङ्गीतनाट्यबारे अन्तरङ्ग कुराकानी गरिएको छ ।

कुराकानीमा प्रज्ञा-प्रतिष्ठानका कर्मचारी सार्थक महरा, हिलारीबन्धु भुजेल र स्वयं सदस्यसचिव तमोटले सहजीकरण गर्नुभएको छ । यी श्रव्यदृष्य सामग्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको अफिसियल वेभ साइट www.namuda.org.np मा हेर्न र सुन्न सकिन्छ । ती श्रव्यदृष्य सामग्रीमा स्रष्टाहरूसँगको कुराकानीका केही महत्त्वपूर्ण अंश यहाँ प्रस्तुत छ :



**एलपी जोशी**
बरिष्ठ
लोक गायक तथा
सङ्गीतकार
दमक, झापा

मैले धरानमा शेर्पा जातिका एक ग्रुप नून बोक्न आएको देखेँ उहाँबाट... सङ्खुवासभाबाट पनि पाँच-छ दिन हिँड्नुपर्ने माथि । ती ठाउँबाट आएका ती सेर्पाहरूले एक हुल बसेर बेलुका खाना खानेबेलामा मजाले गीत गाएको सुनेँ मैले । कति रमाइलो लाग्यो भन्नुहुन्छ भने अब त्यो जमानामा कुनै टेप रिकर्ड थिएन, कुनै उपकरण नै छैन नि हामीसँग । सिङ्गो उनीहरूले गाएको गीत मनमनै टिपेर उनीहरूको पछि लाग्नुपर्ने भयो । उनीहरूसँगै पछि लागेँ हइ ! आबो दुई चार पैसा आफूसँग भएको उनीहरूलाई पनि येसो रक्सी खुवायो, बेलुकी भएपछि लहै एकछिन नाचुँ गाऊँ भन्यो । आफू पनि नाची टोपल्यो । येसो गर्दैगर्दै धरानबाट सङ्खुवासभाको वारिपट्टि त्यो सातटारेमा पुगेपछि मात्रै म कन्फिडेन्स् भएँ अब म यो गीत गाउँछु । अनि त्यो गीत मैले काठमाडौँमा रेडियोमा आएर गाएँ ।



**प्रेम विनोद नन्दन**
बरिष्ठ गीतकार
चितवन

सबैभन्दा दुःखको कुरा साधना गर्ने गीतकारहरूको कम भयो । गीतकार भएपछि गीतकै विषयमा विशेष अध्ययन चाहियो । लागिरहनु पर्‍यो । एउटा ब्यूत्पत्ति, प्रतिभा र अभ्यास भनिन्छ । त्यो प्रतिभा आफूमा छ कि छैन, त्यसमा बारबार अभ्यास भएको छ कि छैन, त्यो आधारले पो गीत लेखिन्छ । अहिले आएका गीतहरूमा त्यस किसिमको स्तरीयता देखिएको छैन ।



**शिवङ्कर थापा**
बरिष्ठ गीतकार
बिर्तामोड झापा

जति पनि अहिले सङ्गीत चलेको छ, नारायण गोपाल, गोपाल योञ्जनको परिधिभित्र छ । त्योभन्दा माथि उठ्न सकेको छैन ।
अहिले आएर चलेका गीतहरू भ्यूअर्स पाउने चलन छ, त्यो अनुसार जसले भ्यूअर्स पायो, दस लाख, एक करोड पायो भन्छ, ती गीतहरू आज चाहिँ चलिराखेको हुन्छ २-३ दिनपछि हराएको पनि हुन्छ ।



**कुशेश्वर राई**
बरिष्ठ शास्त्रीय
सङ्गीत साधक
विराटनगर

सङ्गीत भनेको विशुद्ध रूपमा आत्मसन्तुष्टि हो । आत्मअनुशासन हो । अनुशासन माध्यमबाट पूरै समग्र परिवारदेखि लिएर समाजलाई, राष्ट्रलाई अनुशासित बनाउने हो । त्यसैले शास्त्रीय सिक्नुपर्छ । त्यहाँ अनुशासन हुन्छ । सङ्गीत साधना पनि हो, अनुशासन पनि हो, आनन्द पनि हो । राष्ट्रको सुन्दरता पनि हो ।



**चन्द्र भण्डारी**
बरिष्ठ जनवादी
सङ्गीतकर्मी
बिर्तामोड, झापा

नेपालभन्दा बाहिर पनि धेरै नेपालीभाषीहरू छन् । आसाम, दार्जिलिङ, म्यानमार, भूटान धेरैतिर नेपाली गीतसङ्गीत, नाट्य, साहित्यमा लाग्ने श्रष्टाहरू छन् । त्यसैले नेपालभित्र मात्र होइन नेपाल बाहिरका नेपालीभाषी समुदायमा पनि प्रज्ञा-प्रतिष्ठानहरू पुग्नुपर्छ ।



**अमरविरही गुरूङ**
बरिष्ठ लोकदोहोरी
गायक
चितवन

मैले त गर्भमै दोहोरी गाउन सिकेँ कि जस्तो हुन्छ । किनभने बाबुको कछाड समातेर नि दोहोरी गाएँ । आमाले नि गाउनुहुन्थ्यो । आमाको पटुकी समातेर नि गाएँ । त्यो माहोलले मलाई दोहोरी गायक बनाएको होला तर म कलाकार हुन्छु, गायक हुन्छु, यसरी तपाइँले मलाई अन्तर्वार्ता लिने किसिमको हुन्छ भने कदापि लागेको थिएन ।



**ओम श्रेष्ठ**
बरिष्ठ
जनसङ्गीतकर्मी

सामाजिक रूपान्तरणको लागि राजनीतिक रूपान्तरणको आवश्यकता पर्छ । जस्तो महिलालाई अगाडि ल्याउनको लागि महिला नै अगाडि आउनुपर्‍यो । जनताहरूले आफ्नो अधिकारको कुरा गर्ने हो भने जनताहरू अगाडि आउनु पर्‍यो ।... सङ्गीत क्षेत्रमा लाग्ने सङ्गीतकार, गीतकार, कवि, कलाकारयस्ता खालका सांस्कृतिकर्मी हुन् जसले आफूलाई परिवर्तन ल्याउने भन्दा जनताको अवस्थालाई परिवर्तन ल्याउनका लागि भूमिका खेल्छन् ।



**सोमबहादुर लामा**
लोकगायक तथा सङ्कलक

*सोमबहादुर लामा बिरामका कारण बोल्न नसक्ने अवस्थामा हुनुहुन्छ । उहाँबारे उहाँको धर्मपत्नी भन्नुहुन्छ-*
उहाँ भिमफेदीको स्कुलबाट एसएलसी दिने तामाङबाट फस्ट हुनुहुँदो रैछ । २० सालमा उहाँ रातमाटे आउनुभएको रैछ । रातमाटेको शुरूको प्रधानपञ्च हुनुहुँदो रैछ । ...०३३ सालमा रेडियो नेपालमा १३ वटा गीत दिनुभएको रे । एउटा मात्र छानिएछ, 'आलुतामा...' भन्ने । उहाँको मुखबाट सुनें मैले । अरूअरूहरूले उहाँको गीत गाएछन्, उहाँले रोकेर पठाउनुभएछ, मलाई आपत्ति छ, ती गीतहरू मेरो हो, बजाउन पाउनुहुन्न । यो चाहिँ मैले सुनेको हे ।



**गणेशमान धिमाल**
धिमाल सङ्गीतविज्ञ

...कलाको, अमूर्तसंस्कृतिको कामहरू गरिरहेका छौं । बाजा कसरी बनाउने, खाना कस्तो कस्तो खालको खाने, यो चाहिँ डकुमेन्ट्रीको लागि गरिरहेका छौं । अब एकदेशमा धिमालहरू थियो भन्ने मात्र हुनसक्ने सम्भावना छ । नयाँ नयाँ फेसन छ । मान्छेले बाजागाजा हेर्दैनन् । टिभी हेरेपछि भइहाल्यो, मोबाइल हेरेपछि भइहाल्यो। यो बाजामा चाहिँ आकर्षण गराउन नेपाल सरकारले सोच्नुपर्छ ।



**राम धामी**
अध्यक्ष, सङ्गीत साधना प्रतिष्ठान, इटहरी

राज्यप्रति अझै आशा छ । एउटा सङ्ग्रहालय बनाउने, एउटा सङ्गीत गृह बनाउने । यी निर्माण गर्नका लागि एकमुष्ट बजेट आइदिए हामी दुई चार वर्ष, पाँच वर्षमा सबै काम गर्थ्यौं ।



**प्रेमचन्द्र महर्जन**
गायक, सङ्गीतकार तथा सङ्गीत गुरू
हेटौडा

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान जुन नेपाल सरकारले गठन गरिदिएको छ, यसप्रति एकदम म खुशी छु । यसले हरेक जिल्लामा तोकेर, यहाँ भए गरेका विवरणलाई सङ्कलन गर्ने, यहाँका श्रष्टाहरूको विषयमा शाख गठन गरेर, कुनै प्रतिनिधि तोकेर यहाँ के गर्न सकिन्छ, के आवश्यकता छ, के गर्दै रहेको, सबैको लेखाजोखा भयो भने हामीले आफ्नो कुरा राख्न पाउँछौं । हामी सङ्गीत नाट्य एकेडेमीको सदस्य हौं भन्ने हौसला हुन्छ ।

# कर्मचारीहरूलाई बिदाइ



*अम्बिका सुवेदी*



*मिलन के.सी.*



*विन्दू गोपाली*

काठमाडौं । आफ्नो वृत्तिविकासका क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा विभिन्न पदमा कार्यरत कर्मचारीले विदा लिएका छन् ।
प्रज्ञा-प्रतिष्ठानसंवद्ध कर्मचारी सङ्घले ती कर्मचारीलाई छुट्टाछुट्टै कार्यक्रम गरी विदाइ समेत गरेको छ । सहायक द्वीतीय तहमा कार्यरत अम्बिका सुवेदी राजपत्राङ्कित छैटौं तहमा, त्यसै गरी सोही तहमा कार्यरत मिलन के.सी. र विन्दू गोपाली सोही तहमा विदा भएका हुन् । तीनै जना प्रज्ञा-प्रतिष्ठानको कर्मचारी सङ्घमा समेत आवद्ध हुनुहुन्थ्यो ।



**राजु केसी**
महासचिव, सङ्गीत साधना प्रतिष्ठान, इटहरी

हामीले कम्तीमा पनि हामीसँग रहेको सांस्कृतिक मौलिक सम्पदा, साङ्गीतिक परम्परालाई केही गर्न सक्यो भने अब आउने जेनेरेसन्ले सांस्कृतिक अतिक्रमणलाई नाराका रूपमा छोडेर विकासका रूपमा लान सक्छन् भन्ने हिसाबले हामीले कल्चरल हेरिटेज म्युजियमको कल्पना गऱ्यौं, दिमागमा छ कहिले बन्ला थाहा छैन । त्यसको अगाडिपट्टि चाहिँ हामीले म्युजिक थिएटरको कल्पना गरेका छौं ।

# सबै प्रदेशका प्रदर्शनकारी कलाबारे प्रादेशिक अनुसन्धान ग्रन्थ प्रकाशित

काठमाडौं । नेपालका सातै वटा प्रदेशको प्रदर्शनकारी कलामाथि अनुसन्धनात्मक कृति प्रकाशित भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आ.व. २०७३/७४ को वार्षिक परियोजना अन्तर्गत् यी कृति प्रकाशन गरेको हो । यसअघि प्रत्येक प्रदेशको प्रदर्शनकारी कलाको विगतदेखि वर्तमान अवस्थासम्मलाई अध्ययन, अनुसन्धान तथा अभिलेखन गर्न प्रज्ञा-प्रतिष्ठानले प्राज्ञ-परिषद्हरूको संयोजकत्वमा विज्ञ टोली सहितको अनुसन्धान परियोजना समितिहरू निर्माण गरेको थियो । प्रदर्शनकारी कला अन्तर्गत् सङ्गीत, नाट्य र नृत्य विधामाथि झण्डै वर्षदिन लगाएर गरेको स्थलगत अध्ययन, अन्तर्क्रिया कार्यक्रम, सूचना तथा सामग्री सङ्कलनको अन्तिम रूप 'नेपालका प्रदर्शनकारी कला : प्रादेशिक अनुसन्धान'को ग्रन्थको रूपमा प्रकाशित भएको हो ।

यस अन्तर्गत् प्रदेश नं. १ को लागि प्राज्ञपरिषद् सदस्य माधव प्रधान संयोजक र सदस्यमा प्राज्ञसभा सदस्यहरू अशोक राई र सानु पहाडी तथा मुख्यविज्ञमा डा. कुलराज निरौला सहितको अनुसन्धान परियोजना समिति निर्माण भएको थियो । यसै आधारमा प्रदेश नं. १ अन्तर्गत्का १४ वटा जिल्लाका विभिन्न जाति, धर्म, संस्कृति, भूगोलको आधारमा अनुसन्धान गरी 'नेपालका प्रदर्शनकारी कला : प्रादेशिक अनुसन्धान, प्रदेश नं. १' ग्रन्थ प्रकाशित भएको छ । यस ग्रन्थमा मुख्य रूपमा भौगोलिक रूपमा नेपालको पूर्वाञ्चल क्षेत्र र त्यस क्षेत्रमा बसोवास गर्ने मुख्य जाति खसआर्य, राई, लिम्बु, धिमाल लगायत समग्र जातिको लोकसङ्गीत,




लोकनृत्य र लोकनाट्यलाई समेट्ने प्रयत्न गरिएको छ । साथै सङ्गीत तथा नाट्यको आधुनिक अवस्था र त्यसमा क्रियाशील प्रतिभाहरूतर्फ पनि अध्ययन केन्द्रित छ ।

प्रदेश नं. २ को अनुसन्धान परियोजन समितिमा प्राज्ञपरिषद् सदस्य रमेशरञ्जन झा संयोजक, प्राज्ञसभा सदस्यहरू आशाकाजी श्रेष्ठ र बज्रकिशोर सहनी सदस्य तथा रोशन जनकपुरी मुख्यविज्ञका रूपमा रहेका थिए । 'नेपालका प्रदर्शनकारी कला : प्रादेशिक अनुसन्धान, प्रदेश नं. २' ग्रन्थले यस प्रदेशको ऐतिहासिकसिद्ध मिथिला, भोजपुरा र बज्जिका प्रदर्शनकारी कलासँगै यसभित्र पर्ने ८ वटा जिल्लामा बसोवास गर्ने समग्र जाति समुदायको लोकसङ्गीत, लोकनाटक र लोकनृत्यलाई अध्ययन गरी सक्दो उजागर गर्ने प्रयत्न गरेको छ ।

प्राज्ञपरिषद् सदस्य पुष्करबहादुर गुरूङ संयोजक रहेको प्रदेश नं. ३ को अनुसन्धान परियोजना समितिमा प्राज्ञसभा सदस्यहरू कृष्णभक्त महर्जन र नारायणीदेवी प्रधान सदस्य र मुख्यविज्ञमा अमृत योञ्जन तामाङ तथा लेखन सहयोगीमा नाट्यतर्फ प्रवीण पुमा, नृत्यतर्फ प्रतिभा पुन र सङ्गीततर्फ राकेश तामाङ रहेको थिए । यस ग्रन्थमा प्रदेशभित्रका १४ समुदायको ६६ वटा लोकनाटक, नाच विधाका २२ जातिका १२५ रैथाने नाच र सङ्गीतविधाका १०० वटा गीतसङ्गीतको अध्ययन अनुसन्धान गरिएको छ । अध्ययन यस प्रदेश अन्तर्गत् पर्ने काठमाडौं उपत्यकासहित १३ वटा जिल्लाका प्रदर्शनकारी कलाका इतिहासदेखि वर्तमानअवस्थामा केन्द्रित छ ।

प्रदेश नं. ४ अन्तर्गत् अनुसन्धान परियोजनामा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटा संयोजक र प्राज्ञसभा सदस्यहरू प्रकाश घिमिरे र कृष्णसुधा ढुङ्गाना सदस्य र मुख्यविज्ञमा प्रा.डा. मोतिलाल पराजुली र लेखन सहयोगीमा डा. ध्रुव भट्टराई, डा. सुकुम शर्मा र डा. अशोक थापा रहेका थिए । हाल गण्डकी प्रदेश नामाकरण भइसकेको यस प्रदेशलाई वैदिक रूपमा गण्डकी प्रस्रवण क्षेत्र पनि भनिन्छ । यस ग्रन्थमा गण्डकी प्रदेश अन्तर्गत् पर्ने ११ वटा जिल्लामा रहेका विभिन्न जातिसमुदायसँग सम्बन्धित लोकसङ्गीत, लोकनृत्य, लोकनाटक, लोकगाथा, लोककाव्य, लोकगीत, प्रहसनसँगै त्यसको वर्तमान आधुनिक विकासको अवस्थालाई अनुसन्धान गरिएको छ ।

प्राज्ञपरिषद् सदस्य उन्नती बोहरा 'शीला' संयोजक र प्राज्ञसभा सदस्यहरू पूर्ण नेपाली र दूर्गा रायमाझी सदस्य रहेको प्रदेश नं. ५ को प्रादेशिक अनुसन्धान परियोजनामा मुख्यविज्ञका रूपमा प्रा.डा. राजाराम सुवेदी 'त्र्यम्बक' र सहयक अनुसन्धातामा प्रा.डा. गितु गिरी, डा. गोविन्द आचार्य, डा. राजकुमार सुवेदी, श्री अशोक थारू, प्रा.डा. कपिलदेव लामिछाने, प्रा.डा. हिरण्यलाल झवाली, उप-प्रा.मुकुन्द शर्मा,उप.प्रा. अवतार सुवेदी र श्री प्रभात सुवेदी रहेका थिए । यस ग्रन्थमा यस प्रदेश अन्तर्गत् पर्ने ऐतिहासिक तथा धार्मिक क्षेत्र लुम्बिनी र अवध संस्कृतिसँग जोडिने प्रदर्शनकारी कलाको अनुसन्धानलाई समेटिएको छ भने अर्कोतिर यस प्रदेशमा मुख्य वसोवास गर्ने आदिवासी जनजाति मगर र थारूसँगै मुस्लिम समुदाय र अति सीमान्तकृत समुदाय वादी, राउटेसम्मको प्रदर्शनकारी कलाको अध्ययन गरिएको छ ।

प्रदेश नं. ६ को प्रादेशिक अनुसन्धान परियोजनामा संयोजकको रूपमा प्राज्ञपरिषद् सदस्य पवित्रा घर्तीमगर र














मुख्यविज्ञका रूपमा डम्बरबहादुर पुन रहेका थिए । परियोजना समितिमा सहायक विज्ञ तथा सूचना सङ्कलनका लागि डोल्पा जिल्लाबाट विष्णुलाल बूढा, कालिकोटबाट पुष्पराज आचार्य, मुगुबाट मोहन बानिया, जुम्लाबाट टङ्कप्रसाद देवकोटा, हुम्लाबाट मधु बस्नेत, जाजरकोटबाट राजेन्द विक्रम शाह, चन्द्रबहादुर बूढा र बालकृष्ण उपाध्याय, दैलेखबाट कृष्ण देवकोटा, नारायण तिमिल्सिना, विशाल सुनार, सुर्खेतबाट गणेश अधिकारी, रूकुमबाट कृपाराम पुन र टेकबहादुर पाण्डे र सल्यानबाट भद्रसिंह बूढा र दुर्गाबहादुर पुन सहभागी थिए । हाल कर्णाली प्रदेश नामकरण भइसकेको यस प्रदेशमा समेटिने १० वटा जिल्लाको प्रदर्शनकारी कलाको अवस्थालाई जिल्लागत रूपमा अनुसन्धान गरिएको छ । ऐतिहासिक सिंजा सभ्यता र संस्कृतिले सिञ्चित यस प्रदेशमा भौगोलिक विकटताका कारण यसअघि कमैमात्र अनुसन्धान कार्यहरू भएका थिए । त्यसकारण प्रज्ञा-प्रतिष्ठानको यस अनुसन्धानमार्फत् यस प्रदेशको प्रदर्शनकारी कलाको पहिचानलाई उजिल्याएको मान्न सकिन्छ ।

प्रदेश नं. ७ को प्रादेशिक अनुसन्धान परियोजना संयोजकमा प्राज्ञपरिषद् सदस्य उदय श्रेष्ठ रहेका थिए भने मुख्यविज्ञमा डा. पुष्करराज भट्ट रहेका थिए । ९ वटा जिल्ला समेटिएको यो प्रदेश अहिले सुदूरपश्चिम प्रदेशका रूपमा नामकरण भएको छ । देउडा, राइभ्रुमाजस्ता लोकसङ्गीत र नृत्यले युक्त यस प्रदेशका विभिन्न प्रर्दशनकारी कलाको अनुसन्धानात्मक इतिवृत्तान्त यस ग्रन्थमा समावेश छ । प्रदर्शनकारी कलासँग जोडिएर आउने जाति, भाषा, संस्कृति, चाडपर्व, जात्रा, मन्दिर, ऐतिहासिक क्षेत्र, धार्मिक क्षेत्र आदिको समेत सविस्तार वयान गरिएको यी सात वटा ग्रन्थको प्रत्येकको मूल्य रू. ५०० रहेको छ ।

# मैथिली नाटक सङ्ग्रह प्रकाशित





काठमाडौं । नेपालमा बोलिने विभिन्न राष्ट्र भाषामा मैथिली भाषालाई लेख्य साहित्यमा अत्यन्त अग्रणी मानिन्छ । मल्लकालमा राजकाज भाषाको रूपमा समेत प्रयोग भएको ऐतिहासिक विरासत बोकेको यस भाषाको वाङ्मयको भव्यता मिथिला क्षेत्रमा निरन्तर छ । यसै क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले मैथिली भाषामा लेखिएका नाटकलाई सङ्ग्रहका रूपमा प्रकाशित गरेको छ ।

कतिपय अन्वेषकले मल्लकालमा मैथिली भाषामा 'धुर्त्त समागम' नाटक लेखेका कवि शेषराचार्य ज्योतिरिश्वर ठाकुरलाई नेपालको पहिलो नाटककार दाबी गर्दै आएको परिप्रेक्ष्यमा यस सङ्ग्रहमा भने मैथिली भाषामा लेखिएका १५ नाटक सङ्गृहित छन् । यसमा डा. लक्ष्मण शास्त्री, पं. जीवनाथ झा, डा. धिरेन्द्र, डा. रेवतीरमण लाल, महेन्द्र मलङ्गीया, डा. राजेन्द्र विमल, राम भरोस कापडि 'भ्रमर', डा. सुरेन्द्र लाभ, परमेश्वर कापडि, अवधेश पोखरेल 'जनकपुरिया', श्याम सुन्दर शशि, रमेश रञ्जन, उपेन्द्र भगत नागवंशी, रामभजन कामत र प्रियङ्का झाका एक-एक वटा नाटक समाविष्ट छन् ।


पूर्व प्राज्ञपरिषद् सदस्य रमेश रञ्जन र अशोक दत्तले सम्पादन गरेको यस पुस्तकको मूल्य रू. ५०० रहेको छ ।

# 'दीना भद्री गाथा' अब पुस्तकमा




काठमाडौं । मैथिली समाजको लोक नायकका रूपमा चिनेने दीना भद्रीको गाथालाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले पुस्तकको रूपमा प्रकाशित गरेको छ । लोकगाथाका नायक दीना र भद्री दाजु र भाइ हुन् । नेपालको मिथिला क्षेत्रसँगै भारतमा समेत सामाजिक न्यायका सच्चा पहरेदारका रूपमा दीनाभद्रीलाई लिने गरिन्छ । आर्यसभ्यताको प्रभाव बढ्दै गएको प्रारम्भिक कालमा ज्याला नदिई कामदारको शोषण गर्ने सामन्तका विरूद्ध दीनाभद्रीले प्रतिरोध गरेको गाथा प्रचलनमा छ । दीनाभद्री वीर र साहसीसँगै कुस्तीवाज पनि थिए । बिना ज्याला गाउँलेलाई काममा लगाउने कनकसिंह नामक सामन्तलाई दीनभद्रीले पिटेको लोकगाथा आउँछ । यही लोकप्रिय गाथालाई रौशिन जनकपुरीको लिप्यान्तर तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य रमेशरञ्जन झाले सम्पादन गरेका हुन् । १५६ पृष्ठको यस कृतिको मूल्य रू.३५० रहेको छ ।

# गल्लैलाउरे लोकगीतबारे अनुसन्धान कृति





काठमाडौं । पर्वत र स्याङ्जा जिल्लामा लोकप्रिय गल्लैलाउरे लोकगीत बारे अनुसन्धानात्मक कृति प्रकाशित भएको छ । लेखक तुलसीराम खनाल 'प्रवाश'ले अनुसन्धान गरेको यस कृतिलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको हो ।

पर्वत जिल्लाको पैयुँखोला र स्याङ्जाको पश्चिम भेगमा यो लोकगीत अत्यन्तै लोकप्रिय मानिन्छ । अनुसन्धाताले पुस्तकमा यस लोकगीतको क्षेत्र, यो गीत गाउने जातजाति, यस गीतको सैद्धान्तिक स्वरूप र केही गल्लैलाउरे गीतको सङ्कलन गरी कथनपद्धतिका आधारमा अध्ययन गरेका छन् ।

अनुसन्धानका क्रममा 'गल्लैलाउरे' नामक छुट्टै लोक चलचित्र समेत बनाई प्रदर्शन गरेको लेखक प्रवास बताउँछन् । ९६ पृष्ठको यस कृतिको मूल्य रू.२०० रहेको छ ।

# डा. सुब्बाको जनसंस्कृतिकर्मीबारे पुस्तक




काठमाडौं । समाज परिवर्तनमा संस्कृतिकर्मीको ठूलो भूमिका रहँदै आएको छ । तीनै स्रष्टाहरूको कार्यकेन्द्रित पुस्तक 'समाज परिवर्तनमा संस्कृतिकर्मी' नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ । पुस्तकलाई डा. विजय सुब्बाले तयार पारेका हुन् । सुब्बा प्रगतिशील जनसंस्कृतिसँगै साहित्य र राजनीतिमा समेत लामो समयदेखि क्रियाशील छन् ।

पुस्तकमा निरङ्कुश राणाकालविरूद्धको क्रान्तिदेखि गणतन्त्रकालसम्मका प्रमुख राजनीतिक आन्दोलनमा सक्रिय सांस्कृतिक सङ्गठन र स्रष्टाहरूको भूमिकालाई अभिलेखवद्ध गरिएको छ । जम्मा आठ खण्डमा बाँडिएको यस पुस्तकले समाज परिवर्तनमा सृजना र सांस्कृतिक सङ्गठनको कस्तो भूमिका रहन्छ ? सांस्कृतिक आन्दोलनका अगुवा को को हुन् ? सांस्कृतिक क्षेत्रका समस्या र चुनौतीहरू के-के छन् ? कुन कुन स्वरूपका आन्दोलनमा संस्कृतिकर्मी संलग्न भए ? लगायतका सवालमा सविस्तार चर्चा गरिएको छ ।

प्रज्ञा-प्रतिष्ठानको शाष्त्रीय तथा परम्परागत सङ्गीत विभागबाट प्रकाशित २६२ पृष्ठको यस पुस्तकको मूल्य रू. ३५० रहेको छ ।




# किरात राई मुन्दुमको सङ्गीतशास्त्रबारे कृति

काठमाडौं । 'किरात राई मुन्दुमको समाजशास्त्रीय तथा सङ्गीतशास्त्रीय अध्ययन' नामक पुस्तक नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रकाशित गरेको छ । उक्त कृति डा. भक्त राई र पारस मुकारूङले संयुक्त रुपमा अनुसन्धान गरेका हुन् । यस कृतिमा राई जाति र मुन्दुमको सङ्क्षिप्त परिचय दिँदै राई जातिमा प्रचलित उत्पत्ति कथा सम्बन्धी मुन्दुमलाई पनि प्रस्तुत गरिएको छ । यसमा राई जातिभित्रका बान्तवा, चाम्लिङ र साम्पाङ समुदायको उत्पत्ति मुन्दुमलाई समावेश गरिएको छ । मुन्दुमको समाजशास्त्रीय अध्ययन गर्दै त्यसको सङ्गीतशास्त्रीय अध्ययन प्रस्तुत गरिएको यसभित्र किरात बान्तावा राई मुन्दुमको स्वरलिपिलाई समेत समावेश गरिएको छ । जम्मा १५३ पृष्ठको यस पुस्तकको मूल्य रू. ३०० राखिएको छ ।

# म्हेन्दोमाया प्रकाशित




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले फूलमान बलकृत म्हेन्दोमाया नाटकलाई पुस्तकका रूपमा प्रकाशन गरेको छ । छ वर्षअघि राजधानीस्थित शिल्पी थिएटर र सर्वनाम थिएटरमा मञ्चन हुँदा ज्यादै दर्शकप्रिय यस नाटकलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको नाट्य विभागले प्रकाशित गरेको हो ।

यो नाटक तामाङ जाति अन्तर्गत् गोले थरका बोन्बो (झाँक्री) हरू गोसाइकुण्ड जान नहुने मिथकीय कथामा आधारित छ । मूलभाषा तामाङमा लेखिएर मञ्चनमा अत्यन्त लोकप्रियता पाएको यस नाटकलाई नेपाली भाषामा नाटककार स्वयंले अनुवाद गरेका हुन् ।

यस कृतिको मूल्य रू. २५० रहेको छ ।

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान

काठमाडौं-५, भाटभटेनी, बालुवाटार

## समवेदना पत्र

जन्म
२०२६ वैशाख २२ गते



निधन
२०७५ फागुन १५ गते

स्व. रवीन्द्रप्रसाद अधिकारी

**श्री इन्द्रप्रसाद अधिकारी/लक्ष्मीदेवी अधिकारीज्यू**
**एवम् विद्या भट्टराई अधिकारीज्यू,**
पोखरा लेखनाथ महानगरपालिका -३३, पोखरा, कास्की

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका संरक्षक माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तथा यहाँहरु इन्द्रप्रसाद र लक्ष्मी अधिकारीका ज्येष्ठ सुपुत्र एवम् विद्या भट्टराई अधिकारीका पति श्री रवीन्द्रप्रसाद अधिकारीज्यूको मिति २०७५ फागुन १५ गते बुधबारका दिन ताप्लेजुङको पाथीभरामुनिको भीरमा भएको हेलिकप्टर दुर्घटनामा परी ५० वर्षको अल्पायुमै निधन भएकोमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान परिवार अत्यन्त दुःखी बनेको छ । उहाँको निधनबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आ´नो कुशल संरक्षक गुमाएको छ भने नेपाल राष्ट्रले अग्रगामी चेतना बोकेका एक जना ऊर्जाशील, लोकप्रिय नेता गुमाएको छ । उहाँको असामयिक निधनबाट नेपाल राष्ट्रलाई गम्भीर र अपूरणीय क्षति भएको छ । यसबाट तपाईंहरु इन्द्रप्रसाद र लक्ष्मीदेवीले एक कर्तव्यनिष्ठ सुपुत्र, विद्या भट्टराई अधिकारीले असल जीवनसाथी तथा विराज अधिकारी र स्वराज अधिकारीले जिम्मेवार पिता गुमाउनुभएको छ । यस घटनाबाट यहाँहरुको परिवारलाई पर्न गएको पुत्रवियोग, पतिवियोग एवम् पितृवियोगको पीडा तथा शोकलाई शक्तिमा बदल्ने साहस र सामर्थ्य प्राप्त होस् भन्ने कामनासहित आदरणीय हाम्रा संरक्षक, मन्त्री रवीन्द्र अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त तपाईं परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| (श्यामप्रकाश तमोट) | (हरिहर शर्मा) | (नारायणभक्त श्रेष्ठ 'रायन') |
| सदस्य सचिव | उपकुलपति | कुलपति |

मिति : २०७५ फागुन १९ गते आइतबार

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी



**नारायणभक्त श्रेष्ठ (रायन)**
कुलपति



**हरिहर शर्मा**
उपकुलपति



**श्यामप्रकाश तमोट**
सदस्यसचिव



**अशोककुमार राई,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि),**
प्राज्ञपरिषद् सदस्य
संयोजक, शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग



**नमूना शर्मा देवकोटा,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, नृत्य विभाग



**निशा शर्मा पोखरेल,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, रङ्गमञ्च विभाग



**मेघराज शर्मा (मञ्जुल),**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**हरिदेवी कोइराला,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, लोक सङ्गीत विभाग


२०७५ माघ-चैत

प्राज्ञिक संसार
सङ्गीत-नाट्य बुलेटिन
Academia
Music-Drama Bulletin
www.namuda.org.np

**प्रकाशक**
**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान**


भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. – ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
Website : www.namuda.org.np


**संरक्षक**
नारायणभक्त श्रेष्ठ (रायन)
हरिहर शर्मा
श्यामप्रकाश तमोट

**सम्पादक मण्डल**
अशोककुमार राई
धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि)
निशा शर्मा पोखरेल
मेघराज शर्मा (मञ्जुल)
हरिदेवी कोइराला

**कार्यकारी सम्पादक**
नमूना शर्मा देवकोटा

**सम्पादन सहयोगी**
सनमान चेम्जोङ

**तस्बिर**
रत्नहजुर सेन

**साजसज्जा**
धनसेर राई
(अलग इन्फोसिस)